नीति पत्र

संस्करण १, अंक ८, श्रावण २०७०

# नेपालको शान्ति प्रक्रियाको सिंहावलोकन

Nepal Institute for Policy Studies

Nepal Institute for Policy Studies (NIPS)

• सशस्त्र द्वन्द्वको पृष्ठभूमि • राजनीतिक सहमति र विस्तृत शान्ति सम्झौता • संवैधानिक प्रावधान • अन्तर्राष्ट्रिय समुदायको भूमिका • अयोग्य लडाकूहरुको बहिर्गमन • समायोजन र पुन:स्थापनासम्बन्धी सात बुँदे सहमति • समायोजन र पुन:स्थापना प्रक्रियाका प्रमुख विशेषताहरु • समायोजन र पुन:स्थापना प्रक्रियाको खर्च • समायोजन र पुन:स्थापना पश्चातका चुनौती • निष्कर्ष

## १. सशस्त्र द्वन्द्वको पृष्ठभूमि

नेपाल एक दशक (२०५२-२०६३) लामो हिंसात्मक द्वन्द्वबाट गुज्रिएको अवधिमा नेपाली जनताले राजनीतिक, सामाजिक, आर्थिक, मनोवैज्ञानिक तथा भौतिकलगायत मानवीय सुरक्षामा गम्भीर जोखिमको सामना गर्नुपर्‍यो । नेकपा (माओवादी) ले राज्यविरुद्ध 'जनयुद्ध' प्रारम्भ गरेपछि २०५२ सालमा नेपालमा सशस्त्र द्वन्द्वको थालनी भयो । नेकपा (माओवादी) ले २०५२ माघ २१ गते तत्कालीन सरकारसमक्ष ४० सूत्रीय माग प्रस्तुत गरी २०५२ फागुन ५ गतेसम्म सम्बोधन नभए सशस्त्र सङ्घर्षमा उत्रने चेतावनी दिएको थियो । यद्यपि नेकपा (माओवादी) ले उक्त मितिभन्दा चार दिन अगावै 'जनयुद्ध' प्रारम्भ गर्‍यो । उक्त दस्तावेजमा उल्लेख भएअनुसार सशस्त्र सङ्घर्ष गर्नुको उद्देश्य २०४६ को जनआन्दोलनमार्फत स्थापित बहुदलीय लोकतान्त्रिक व्यवस्थालाई 'सर्वहारा वर्गको अधिनायकत्व'मा 'नयाँ जनवादी' व्यवस्था (२००६ मा चीनमा स्थापित नयाँ जनवादी व्यवस्था) स्थापना गर्नु थियो । २०४६ पश्चात् बनेका जननिर्वाचित सरकारहरु मुलुकमा विद्यमान सामाजिक-आर्थिक चुनौतीहरुको सम्बोधन गर्दै लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्ने दिशामा अग्रसर थिए । यद्यपि राजनीतिक दलहरुको आन्तरिक तथा अन्तर-पार्टी द्वन्द्व र राजनीतिक अस्थिरताका कारण सरकार उक्त मुद्दा सम्बोधन गर्न असफल भएको परिणामस्वरुप आम जनतामा निराशा र असन्तुष्टि उत्पन्न भयो । अन्तर-पार्टी द्वन्द्व, राजनीतिक अस्थिरता र २०४६ मा लोकतन्त्र स्थापनापछि आम जनताका अपेक्षाहरु सम्बोधन हुन नसकेको पृष्ठभूमिमा नेकपा (माओवादी) लाई आफ्ना कार्यसूची र हिंसात्मक गतिविधि विस्तार गर्न थप प्रश्रय मिल्यो । त्यसैले नेकपा (माओवादी) ले देशमा विद्यमान अस्थिर राजनीतिक तथा सामाजिक अवस्थाबाट राजनीतिक लाभ मात्रै उठाएन, मुलुकभर आफ्नो प्रभाव र गतिविधि समेत विस्तार गर्‍यो । अन्ततः मुलुक दीर्घकालीन द्वन्द्वको चपेटामा पर्‍यो । त्यसैले उक्त अवधिमा मुलुकले उच्च मानवीय तथा सामाजिक-आर्थिक क्षति समेत व्यहोर्नु पर्‍यो । सशस्त्र द्वन्द्वका कारण हजारौँ नेपाली नागरिकको मृत्यु भयो भने हजारौँ बेपत्ता भए । सशस्त्र द्वन्द्वकै कारण नेपाली जनताले हिंसा-प्रतिहिंसाको शृङ्खला, मानवअधिकार हनन, विस्थापन, आर्थिक तथा भौतिक पूर्वाधार क्षतिको सामना गर्नुपर्‍यो र देशको अर्थतन्त्रमा गम्भीर नकारात्मक असर पुग्यो ।

यस अतिरिक्त द्वन्द्वकालमा भएका हत्या, बेपत्ता, विस्थापन, सार्वजनिक तथा निजी सम्पत्ति क्षति, अपहरण लगायत घटनाका सम्बन्धमा नेपाल सरकारले पछिल्लो पटक अद्यावधिक गरेको तथ्याङ्क तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १ : शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा अद्यावधिक गरिएको द्वन्द्वकालमा भएको मानवीय क्षति (२०७० असार मसान्तसम्म)

| क्र.सं. | द्वन्द्वपीडितको प्रकार | कुल सङ्ख्या |
|---|---|---|
| १. | हत्या गरिएका नागरिक | १७,८८६ |
| २. | बेपत्ता पारिएका नागरिक | १,५३० |
| ३. | विस्थापित नागरिक | ७९,५७१ |
| ४. | अपहरणमा परेका नागरिक | ३,१४२ |
| ५. | अंगभंग भएका नागरिक | ८,९३५ |
| ६. | एकल महिला | ९,००० |
| ७. | व्यक्तिगत सम्पत्ति क्षति | १७,४८४ |
| ८. | ऐतिहासिक जनआन्दोलनका सहिद परिवार | २६ |
| ९. | ऐतिहासिक जनआन्दोलनका घाइते | ४,०१४ |
| १०. | आमाबाबु दुवै गुमाएका टुहुरा बालबालिका | ६२० |

**स्रोत:** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

१ शान्ति तथा पुनर्निर्माण मन्त्रालय, http://www.rahat.gov.np/uploads/4330_File_Ashad1.pd

माथिको तालिकामा उल्लेख गरिएको नेपाल सरकारको पछिल्लो तथ्याङ्कअनुसार दश वर्षे सशस्त्र द्वन्द्वकालमा कुल १७,८८६ नागरिकले ज्यान गुमाए। यद्यपि नेपालमा मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था इन्सेकका अनुसार सशस्त्र द्वन्द्वकालमा मृत्यु हुनेको सङ्ख्या १३,३४७[२] थियो। नेपाल सरकार र इन्सेकको विरोधाभाषपूर्ण तथ्याङ्कले द्वन्द्व पीडितहरुको वास्तविक सङ्ख्या यकिन गर्न थप अन्योल सिर्जना गरेको छ। अर्को एक प्रतिवेदनले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरपछि २०६४ मा ५५१ र २०६५ मा ५४१ नेपाली नागरिकले ज्यान गुमाएको दाबी गरेको छ।[३] यसरी सशस्त्र द्वन्द्वको अन्त्यपछि र शान्ति सम्झौतामा हस्ताक्षरपछि पनि हिंसा-प्रतिहिंसाको शृङ्खला कायमै रहनु तथा मानवअधिकार हननका घटनामा अपेक्षाकृत कमी नआउनु नेपालको शान्ति प्रक्रियाको विडम्बना हो। शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कअनुसार एक दशकमा कुल १,५३० नेपाली नागरिक बेपत्ता पारिए। उनीहरूमध्ये अधिकांश सङ्कटकालमा बेपत्ता भएका थिए। त्यसैगरी सशस्त्र द्वन्द्वकालमा माओवादीको हिंसात्मक गतिविधि र त्रास (हत्या, यातना, अपहरण, धम्की, जबर्जस्ती असुली) र सुरक्षा फौजको कारणले ७९,५७१ नेपाली नागरिक आन्तरिक रूपमा विस्थापित भएको देखिन्छ। सशस्त्र द्वन्द्वकालमा दुवै पक्षबाट मानव अधिकारका आधारभूत सिद्धान्त र मान्यताहरुको उल्लङ्घन गरिएको थियो। र, गैरकानुनी हत्या, अपहरण र बलपूर्वक नियन्त्रण गरी बेपत्ता पार्ने जस्ता गैरकानुनी गतिविधि व्याप्त थिए। यस अतिरिक्त दश वर्षको अवधिभर नेकपा (माओवादी) हत्या, अपहरण, चन्दा असुली र जनता विशेषगरी राजनीतिक दल सम्बद्ध कार्यकर्ताहरुको विस्थापन जस्ता गैरकानुनी तथा अमानवीय कार्यमा संलग्न रह्यो।

बढ्दो हिंसा, खस्कँदो सुरक्षा अवस्था र माओवादी त्रासका कारण उद्योगहरू बन्द भए। राष्ट्रिय आयको प्रमुख स्रोत बनेको विप्रेषणमा ह्रास आयो। अति द्वन्द्वप्रभावित क्षेत्रबाट देशका अन्य तुलनात्मकरुपमा सुरक्षित भागमा ठूलो सङ्ख्यामा मानिसहरुले बसाइँसराइ गरे। सशस्त्र द्वन्द्वकालमा परेको सबैभन्दा बढी भौतिक असरमध्ये भौतिक पूर्वाधारका साथै निजी तथा सार्वजनिक सम्पत्तिमा भएको व्यापक क्षति प्रमुख हो। तलको तालिकामा भौतिक पूर्वाधार क्षतिलाई संक्षेपमा प्रस्तुत गरिएको छ।

**तालिका २: सशस्त्र द्वन्द्वको अवधिमा क्षति भएका भौतिक संरचना**

| क्र.सं. | श्रेणी | ध्वस्त भएको सङ्ख्या |
|---|---|---|
| १. | विद्यालय | २,१४९ |
| २. | गाविस कार्यालय | २,०७२ |
| ३. | जिल्ला सदरमुकामस्थित सरकारी कार्यालय | ९८६ |
| ४. | स्थानीय स्तरका सरकारी कार्यालय | १,०४७ |
| ५. | जिविस, नगरपालिका भवन | १३० |
| ६. | झोलुङ्गे पुल | १०१ |
| ७. | अन्य | २,०३२ |

**स्रोत:** दी काठमाडौं पोष्ट[४]

तालिका २ को आँकडाले सशस्त्र द्वन्द्वकालमा ८,५१७ वटा सार्वजनिक संरचना ध्वस्त भएको देखाउँछ। तालिकाअनुसार द्वन्द्वकालमा कुल २,१४९ विद्यालय भवन र २,०७२ वटा गाविस कार्यालयहरू ध्वस्त भएका थिए। त्यसैगरी ९८६ वटा जिल्ला सदरमुकामस्थित सरकारी कार्यालयलगायत अन्य विकासका पूर्वाधार पनि ठूलो सङ्ख्यामा ध्वस्त पारिएका थिए। उक्त क्षतिले जनताको जीवनमात्रै कष्टकर बनाएन, सार्वजनिक सम्पत्तिको पुनर्निर्माणका लागि सरकारलाई अतिरिक्त आर्थिक बोझ पनि थपिएको छ। द्वन्द्वका कारण देशको सामाजिक-राजनीतिक तथा आर्थिक पक्ष थप अस्तव्यस्त बन्यो।

२ हेर्नुहोस्, इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक (२०५२-२०६३)।

३ राणा, बन्दना र राणा, पिंकी सिंह, *सुरक्षा परिषद् प्रस्ताव १३२५: नागरिक समाज अनुगमन प्रतिवेदन, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल।*

४ घिमिरे, विनोद, 'ओन्ली हाफ वे टु रिकन्स्ट्रक्सन टार्गेट', *दी काठमाडौं पोष्ट,* १७ वैशाख, २०७०।

## २. राजनीतिक सहमति र विस्तृत शान्ति सम्झौता

२०६२ मङ्सिर ७ मा सात दलीय गठबन्धन र नेकपा (माओवादी) ले बाह्र बुँदे सहमतिमा हस्ताक्षर गरे लगत्तै २०६२ चैतदेखि प्रारम्भ भएको शान्तिपूर्ण जनआन्दोलनमार्फत् दशक लामो द्वन्द्वको अन्त्य भयो । अन्ततः शताब्दीयौं पुरानो सामन्ती राजतन्त्रको अन्त्य भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भयो । बाह्र बुँदे सहमतिले तत्कालीन राजा ज्ञानेन्द्रको तानाशाहीविरुद्ध शान्तिपूर्ण आन्दोलनकालागि सकारात्मक वातावरण सिर्जना गर्‍यो । २०६२ चैतमा राजनीतिक दलहरुले गरेको १९ दिने शान्तिपूर्ण जनआन्दोलनमा लाखौं नेपाली नागरिक सडकमा उत्रिएपछि २०६३ वैशाख ११ मा तत्कालीन राजा सम्पूर्ण राजनीतिक अधिकार राजनीतिक दलहरुसमक्ष सुम्पन वाध्य भए । र, जनताको सार्वभौमसत्ता पुनःस्थापित हुनुका साथै विघटित प्रतिनिधिसभा पनि पुनःस्थापित भयो । २०६३ मङ्सिर ५ मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भयो । नेकपा (माओवादी) हिंसा त्यागेर विधिको शासन स्वीकार गरी विश्वव्यापी मानव अधिकार का सिद्धान्त र लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्न सहमत भयो । यसैगरी संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) को सुपरिवेक्षणमा आफ्ना सशस्त्र लडाकूलाई २८ वटा अस्थायी शिविरमा राख्न तथा हतियार कन्टेनर मा भण्डारण गर्न माओवादी सहमत भयो । अनमिनले २०६४ असार १ देखि प्रारम्भ भएको हतियार र लडाकू प्रमाणीकरणको प्रक्रिया २०६४ पुस १२ मा सम्पन्न गर्‍यो ।

त्यसैगरी शान्ति प्रक्रियाको अर्को कोशेढुंगा थियो - २०६३ मङ्सिर २२ मा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता । विस्तृत शान्ति सम्झौता र हतियार तथा सेना व्यवस्थापनको अनुगमन सम्झौताको प्रावधानअनुसार नेपाली सेना र पूर्व लडाकूको अनुगमन गर्ने र दुवै पक्षका बराबर सङ्ख्यामा हतियार संयुक्त राष्ट्रसङ्घले भण्डारण गरी अनुगमन गर्ने व्यवस्था थियो । विस्तृत शान्ति सम्झौताको धारा ४.४ ले 'माओवादी लडाकूको रेखदेख, समायोजन र पुनःस्थापनाका लागि अन्तरिम मन्त्रिपरिषद्ले एउटा विशेष समिति बनाउनेछ' भनेर पनि उल्लेख गरेको थियो ।[५]

हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताको बुँदा नं. ४.१.३ मा उल्लेख गरिएको थियो - 'अस्थायी शिविरमा रीतपूर्वक दर्ता भएका माओवादी सेनाका लडाकू मात्रै स्तरीय मान्यता पूरा गरी सुरक्षा फौजमा गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन् । बर्खास्त गरिएका व्यक्ति सम्भावित समायोजनका लागि अयोग्य ठहरिने छन् । विस्तृत शान्ति सम्झौतामा सहमति भएअनुसार सुरक्षा फौजमा समायोजन हुने योग्य व्यक्तिहरूको निर्धारण एउटा विशेष समितिले गर्नेछ । समायोजन प्रक्रिया सम्बन्धित पक्षहरुबीच हुने भावी सम्झौताबाट निर्धारित हुनेछ ।'[६]

यसैगरी प्रमाणित पूर्व लडाकूहरूको सुरक्षा फौजभित्र समायोजनका बारेमा नेकपा (माओवादी), नेपाली कांग्रेस र नेकपा-एमाले बीच २०६५ वैशाख १३ मा भएको सहमतिमा संयुक्त राष्ट्रसङ्घको रोहबरमा नेपाल सरकार र नेकपा (माओवादी) ले हस्ताक्षर गरेको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौताको बुँदा नं. ४.१.३. मा उल्लेख भएअनुसार अस्थायी शिविरमा रीतपूर्वक दर्ता भएका पूर्व लडाकू मात्रै तोकिएको मापदण्ड पूरा गरी सुरक्षा फौजभित्र सम्भावित समायोजनका लागि योग्य मानिने प्रावधान थियो । यस सहमतिले प्रमाणित पूर्व लडाकूलाई आर्थिक प्याकेज र पुनःस्थापनाका विभिन्न विकल्पबीच छनोटको अवसर पनि प्रदान गरेको थियो ।

२०६६ पुष १ मा नेपाल सरकार र नेकपा (माओवादी) ले अयोग्य लडाकू[७]हरूलाई एक महिनाभित्र संयुक्त राष्ट्रसङ्घले अनुगमन गरेको अस्थायी शिविरबाट बहिर्गमन गर्ने सहमतिमा हस्ताक्षर गरे । अयोग्य लडाकूको बहिर्गमन प्रक्रिया २०६६ पुष २३ देखि प्रारम्भ भई माघ २५ मा सम्पन्न भयो ।

२०६७ माघ १ गते अनमिनको बहिगर्मनसँगै एकीकृत नेकपा (माओवादी)[८]ले रेखदेख, समायोजन र पुनःस्थापनाका

५ *नेपालको अन्तरिम संविधान, २०६३*, छैटौं संशोधनसहित, मकालु प्रकाशन गृह, काठमाडौं, २०६३, पृष्ठ ८६ ।

६ पूर्वउल्लेखित ।

७ अयोग्य लडाकूहरु लडाकूको रुपमा परिभाषित नभएकाले उनीहरुलाई पूर्व लडाकू भनी उल्लेख गरिएको छैन ।

८ नेकपा (माओवादी) र नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र) बीच २०६५ माघमा एकीकरण भयो र नेकपा (माओवादी) को नाम एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) राखियो । नेकपा (माओवादी) बाट विभाजित भएका मातृका यादव र मोहन वैद्य (किरण) ले नेतृत्व गरेका दुई पार्टीले यही नाम राखेका छन् । नीतिपत्रमा पार्टी एकीकरण अघि नेकपा (माओवादी) र एकीकरणपछि एनेकपा (माओवादी) शब्दावली प्रयोग गरिएको छ ।

लागि विशेष समितिलाई औपचारिक रूपमा अस्थायी शिविर र पूर्व लडाकू हस्तान्तरण गऱ्यो । र, २०६७ माघ ८ मा एनेकपा (माओवादी) ले नेपाल सरकारलाई हतियार बुझायो। उक्त कार्यको जिम्मेवारी विशेष समितिको सचिवालयलाई दिइएको थियो । यद्यपि हतियार र सेनाको अनुगमन विशेष समितिको जिम्मेवारी थिएन । यसरी अनमिनको बहिर्गमनले सरकार समक्ष अस्थायी शिविरका हतियार र सेनाको अनुगमन गर्ने चुनौतीपूर्ण जिम्मेवारी थपियो। २०६७ माघ १ गते नै नेपाल सरकार र एनेकपा (माओवादी) बीच सम्झौता भयो जसअनुसार विशेष समिति अन्तर्गत अनुगमन समिति गठन भयो र यसरी विशेष समिति आफ्ना अतिरिक्त जिम्मेवारीहरू पनि पूरा गर्न सफल भयो ।

पूर्व लडाकू, उनीहरूका हतियार र अस्थायी शिविर २०६८ चैत २८ मा नेपाली सेनामार्फत् सरकारलाई हस्तान्तरण गर्ने विशेष समितिको निर्णयपश्चात् देशमा द्वैध सेनाको अस्तित्व समाप्त भयो । पूर्व लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापनाकालागि २०६५ असोजमा गठित विशेष समिति २०६९ चैत ३० मा विघटन भएपछि समायोजन र पुनःस्थापना प्रक्रिया औपचारिक रूपमा सम्पन्न भयो ।[९]

## ३. संवैधानिक प्रावधान

राजनीतिक दलहरुबीच राजनीतिक सहमति मात्रै होइन, नेपालको अन्तरिम संविधान, २०६३ मा पनि पूर्व लडाकूको समायोजन र पुनःस्थापनाका सम्बन्धमा संवैधानिक प्रावधान उल्लेख गरिएको छ । अन्तरिम संविधानको धारा १४६ मा व्यवस्था भएअनुसार - 'माओवादी सेनाका लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापनाका लागि मन्त्रिपरिषद्ले संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलहरुको विशेष समिति बनाउने छ। त्यस समितिको काम, कर्तव्य र अधिकार मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।'[१०] यसअनुसार २०६५ कार्तिक १२ मा तत्कालीन प्रधानमन्त्रीको नेतृत्वमा पूर्व लडाकूको रेखदेख, समायोजन र पुनःस्थापनाका निम्ति विशेष समिति गठन भयो । यसैगरी विशेष समितिलाई सुझाव दिने र सहयोग गर्ने उद्देश्यले २०६६ वैशाख ३ मा प्राविधिक समिति समेत गठन गरियो ।[११] विशेष समितिको सुझावमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २०६७ भदौ ३१ गते पूर्व लडाकूको रेखदेख, नियन्त्रण, निर्देशन र आचारसंहिता सम्बन्धी निर्देशिका जारी गऱ्यो ।[१२]

अन्तरिम संविधानको धारा १४७ अर्को संवैधानिक आयाम हो, जसमा उल्लेख गरिएको छ - 'सेना र हतियार व्यवस्थापन र अनुगमन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार र नेकपा (माओवादी) बीच सम्पन्न २०६३ साल मङ्सिर ५ गतेको 'विस्तृत शान्ति सम्झौता' र २०६३ साल मङ्सिर २२ गतेको 'सेना र हतियार व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता' मा उल्लेख भए बमोजिम हुनेछ ।'[१३] यस धाराले हतियार र सेनाको व्यवस्थापन र अनुगमनको प्रबन्ध गरेको छ । उक्त धाराले प्रमुख राजनीतिक दलहरूको सहमति (विस्तृत शान्ति सम्झौता र हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता) प्रतिको प्रतिबद्धता र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने लक्ष्यलाई संस्थागत गरेको छ ।

माथि उल्लेखित राजनीतिक सहमति तथा सम्झौता र संवैधानिक प्रावधानबाहेक अन्य केही सहमति र सम्झौताले पनि शान्ति प्रक्रियामा योगदान पुऱ्याएका छन् । तलको तालिकामा उक्त केही सहमतिलाई सूचीकृत गरिएको छ ।

९ कोइराला, कोशराज, 'इस्पेशल कमिटि डिजल्भ आफ्टर कम्प्लिटिङ् टास्क', *रिपब्लिका*, ३० फागुन, २०६९ ।

१० *नेपालको अन्तरिम संविधान, २०६३*।

११ *सात बुँदे सहमति र कार्यान्वयनका चुनौतीहरु*, नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६८ ।

१२ पूर्व उल्लेखित, साथै हेर्नुहोस्, *माओवादी सेनाका लडाकूहरूको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहिता सम्बन्धी निर्देशिका*, २०६७, शान्ति तथा पुनर्निर्माण मन्त्रालय ।

१३ *नेपालको अन्तरिम संविधान, २०६३*, पृ २३२, पहिलो देखि आठौं संशोधनसम्म ।

**तालिका ३: प्रमुख राजनीतिक दलहरूबीच भएका सहमति र नेपाल सरकार तथा संसद्का महत्वपूर्ण निर्णयहरू**

| क.सं. | सम्झौताहरू | हस्ताक्षर गरिएको मिति | हस्ताक्षर गर्ने पक्षहरू/कैफियत |
|---|---|---|---|
| १. | बाह्र बुँदे सहमति | ७ मङसिर, २०६२ | सात दलीय गठबन्धन र नेकपा (माओवादी) |
| २. | राजकिय घोषणामार्फत् संसद् पुनर्स्थापना | ११ वैशाख, २०६३ | राजा ज्ञानेन्द्र |
| ३. | संविधानसभा घोषणापत्र | १४ जेठ, २०६३ | संविधानसभाद्वारा अनुमोदित |
| ४. | युद्धबिराम आचारसंहिता | १२ जेठ २०६३ | नेपाल सरकारका तर्फबाट कृष्णप्रसाद सिटौला र नेकपा (माओवादी) का तर्फबाट कृष्णबहादुर महरा |
| ५. | माओवादीसहितको अन्तरिम व्यवस्थापिका | १ माघ, २०६३ | नेपाल सरकार, नेकपा (माओवादी) र अन्य राजनीतिक दल |
| ६. | माओवादीसहितको अन्तरिम सरकार | १८ चैत, २०६३ | – |
| ७. | संयुक्त राष्ट्रसङ्घलाई संयुक्तपत्र | २४ साउन, २०६३ | नेपाल सरकार र नेकपा (माओवादी) |
| ८. | विस्तृत शान्ति सम्झौता | ५ मङ्सिर, २०६३ | नेपाल सरकारका तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' |
| ९. | हतियार तथा सेना व्यवस्थापनको अनुगमन गर्ने सहमति | २२ मङ्सिर, २०६३ | संयुक्त राष्ट्रसङ्घ प्रतिनिधि इयान मार्टिनको उपस्थितिमा नेपाल सरकारका तर्फबाट कृष्णप्रसाद सिटौला र नेकपा (माओवादी) का तर्फबाट कृष्णबहादुर महरा |
| १०. | अन्तरिम संविधान २०६३ जारी | १ माघ, २०६३ | अन्तरिम सरकार |
| ११. | अनमिनको आगमन | ९ माघ, २०६३ | नेपाल सरकार र नेकपा (माओवादी) |
| १२. | माओवादी लडाकूको प्रमाणीकरण प्रक्रिया प्रारम्भ | १ असार, २०६४ | अनमिन |
| १३. | माओवादी लडाकूको प्रमाणीकरण प्रक्रिया सम्पन्न | १२ पुष, २०६४ | अनमिन |
| १४. | संविधानसभा निर्वाचन | २८ चैत, २०६४ | नेपाल सरकार |
| १५. | विशेष समिति गठन | १२ कार्तिक, २०६५ | नेपाल सरकार |
| १६. | प्राविधिक समिति गठन | ३ वैशाख, २०६६ | नेपाल सरकार |
| १७. | अयोग्य लडाकू बहिर्गमनमा सहमति | १ पुष, २०६६ | नेपाल सरकार र एनेकपा (माओवादी) |
| १८. | लडाकू बहिर्गमन प्रक्रिया प्रारम्भ | २३ पुष, २०६६ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय तथा संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रमले संयुक्त रूपमा बहिर्गमन प्रक्रिया प्रारम्भ |
| १९. | बहिर्गमन प्रक्रिया सम्पन्न | २५ माघ, २०६६ | बहिर्गमन प्रक्रिया सम्पन्न |
| २०. | नेकपा (माओवादी) द्वारा आफ्ना लडाकूको रेखदेख, समायोजन र पुनर्स्थापनाको कार्यक्रम औपचारिक रूपमा विशेष समितिलाई स्तान्तरण | ८ माघ, २०६७ | नेपाल सरकार र एनेकपा (माओवादी) |
| २१. | सात बुँदे सहमति | १५ कार्तिक, २०६८ | पुष्पकमल दाहाल 'प्रचण्ड' अध्यक्ष एनेकपा (माओवादी), सुशील कोइराला सभापति नेपाली कांग्रेस, झलनाथ खनाल अध्यक्ष नेकपा (एमाले) र विजयकुमार गच्छदार संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका तर्फबाट |
| २२. | पूर्व लडाकूहरुको वर्गीकरण | ३० कार्तिक, २०६८ देखि १६ मङ्सिर, २०६८ सम्म | विशेष समिति |
| २३. | स्वेच्छिक अवकाशमा रोजेका पूर्व लडाकूहरुलाई पहिलो किस्ता वितरण<br>स्वेच्छिक अवकाशमा रोजेका पूर्व लडाकूहरुलाई दोस्रो किस्ता वितरण | १७ पुष, २०६८ देखि ३० पुष, २०६८ सम्म<br>१५ कार्तिक, २०६९ देखि २५ कार्तिक, २०६९ सम्म | विशेष समिति |
| २४. | नेपाली सेनामा पूर्व लडाकूहरुको समायोजन | २१ असार, २०६९ देखि ५ मङ्सिर, २०६९ | नेपाली सेना |
| २५. | समायोजन तथा पुन:स्थापना प्रक्रिया सम्पन्न भएपछि विशेष समिति विघटन | ३० चैत, २०६९ | नेपाल सरकार |

**स्रोत :** नेपाल नीति अध्ययन प्रतिष्ठाद्वारा सङ्ग्रहित सरकारी दस्तावेजहरु

## ४. अन्तर्राष्ट्रिय समुदायको भूमिका

जनआन्दोलनका उपलब्धिलाई संस्थागत तथा शान्ति प्रक्रियाका क्रममा पूर्व लडाकूहरूको समायोजन तथा पुनःस्थापना कार्य सम्पन्न गर्न अन्तर्राष्ट्रिय समुदायले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा शान्ति प्रवर्द्धन गर्न र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन भारत, चीन, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका, स्विट्जरल्यान्ड, डेनमार्क, युरोपेली सङ्घ, फिनल्यान्ड, जर्मनी, नर्वे जस्ता अन्तर्राष्ट्रिय समुदायको भूमिका विशिष्ट छ । यसैगरी उनीहरूले मानव अधिकार उल्लङ्घनविरुद्धमा तथा विधिको शासनको पक्षमा नागरिक समाजसँग सहकार्य गर्दै आएका छन् ।

शान्ति प्रक्रियाको प्रारम्भिक कार्य नेपाल र भारत दुवै देशमा भएको थियो। जसअनुरुप २०६२ मङ्सिर ७ मा सात दलीय गठबन्धन र नेकपा (माओवादी) बीच नयाँ दिल्लीमा बाह्र बुँदे सहमतिमा हस्ताक्षर गरिएको थियो। यस प्रक्रियामा भारतले निर्वाह गरेको सकारात्मक भूमिकाको कारण सात दलीय गठबन्धन र नेकपा (माओवादी) लाई बाह्र बुँदे सहमतिमा पुग्न अनुकूल वातावरण सिर्जना भएको थियो। स्विट्जरल्याण्ड र नर्वेलगायतका पश्चिमा देशहरुले हिंसात्मक द्वन्द्व शान्तिपूर्ण वार्ताको माध्यामद्वारा समाधान गरी लोकतन्त्र र शान्ति बहाल गर्न सबै सरोकारवालाहरुलाई निरन्तर कूटनीतिक आह्वान गरेपछि अन्तर्राष्ट्रिय वातावरण लोकतन्त्र र शान्तिको पक्षमा सिर्जना भएको थियो ।

२०६३ पुषमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयअन्तर्गत सरकार र दातृ निकायको संयुक्त अग्रसरतामा नेपाल शान्ति कोषको स्थापना गरियो । उक्त कोष शान्ति प्रक्रियामा आर्थिक सहयोग प्रदान गर्न इच्छुक दातृ निकाय एवम् सरकारहरूको साझा संयन्त्र थियो। शान्ति कोषले नेपाल सरकार र जर्मनी, डेनमार्क, फिनल्याण्ड, बेलायत, नर्वे, स्विट्जरल्याण्ड र युरोपेली सङ्घ जस्ता दातृ निकायहरुबाट उल्लेख्य मात्रामा आर्थिक सहयोग पायो । २०६८ मङ्सिर सम्म शान्ति कोषमार्फत नेपाल सरकारले ५ करोड ४ लाख र दातृ निकायहरुले ३ करोड २० लाख सहयोग गरेका थिए । शान्ति कोषको पहिलो चरण २०६७ मा समाप्त भएको थियो । तर शान्ति प्रक्रिया सम्पन्न नभइसकेकोले २०७० सम्म रहने गरी अर्को संयुक्त वित्तिय व्यवस्थामा हस्ताक्षर भयो ।[१४]

आर्थिक सहायताबाहेक अन्तर्राष्ट्रिय समुदायले पूर्व लडाकूलाई र अस्थायी शिविर व्यवस्थापनमा समेत प्राविधिक सहयोग उपलब्ध गराएको छ । अन्तर्राष्ट्रिय समुदायको आर्थिक सहयोगमा अस्थायी शिविरमा प्राविधिक र व्यावसायिक तालिमका कार्यक्रम पनि सञ्चालन गरिएका थिए ।

जर्मन सहयोग नियोग (जीआईजेड) को परियोजना प्रतिवेदनअनुसार जर्मन सङ्घीय आर्थिक सहयोग तथा विकास मन्त्रालयले अस्थायी शिविरका पूर्व लडाकूको जीवनस्तर सुधार्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत परियोजना कार्यान्वयन गरेको थियो । २८ वटा अस्थायी शिविरमा खानेपानी आपूर्तिको व्यवस्था गरिएका थियो भने २२८ वटा सरसफाइ सुविधा उपलब्ध गराइएको थियो । २०६३ देखि १९,६०२ पूर्व लडाकूमध्ये एक चौथाइ स्वास्थ्य सुविधाबाट लाभान्वित भएका थिए भने द्वन्द्वका क्रममा घाइते ४५ जनाले विशेष स्वास्थ्य उपचार पाएका थिए। करिब १,५०० जना पूर्व लडाकूले व्यावसायिक तालिम प्राप्त गरेका थिए । उनीहरूले अस्थायी शिविरमा हुँदै २९ वटा स्वास्थ्य संस्थामा स्वास्थ्य सहायक भएर काम गरेका थिए । १० हजारभन्दा बढी पूर्व लडाकूले स्वास्थ्य सेवा, खाने पानी आपूर्ति, प्रशासन र लेखासम्बन्धी तालिम पाएको प्रतिवेदनमा उल्लेख छ ।[१५]

नेपाल सरकार र नेकपा (माओवादी) को आग्रहमा शान्ति प्रक्रिया तथा संविधानसभा निर्वाचन स्वतन्त्र, निष्पक्ष र

१४ इन्स्टिच्यूट फर इन्टरनेशनल पिस स्टडिज्, नोट्रे डेम विश्वविद्यालयद्वारा प्रकाशित 'पिस एकर्डस् मेट्रिक्स' मा आधारित । https://peaceaccords.nd.edu/matrix/status/67/donor_support बाट २४ फागुन, २०६९ मा साभार गरिएको ।
१५ 'सपोटिङ् मेर्जस् टु स्ट्रेन्थेन दी पिस प्रोसेस', http://www.giz.de/themen/en/23441.htm

भयरहित वातावरणमा सम्पन्न गर्न राजनीतिक मिसनका रूपमा अनमिनको स्थापना गरियो ।[१६] संविधानसभा निर्वाचनमा अनमिनले महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो । अनमिनले पूर्व लडाकूहरूको प्रमाणीकरणको कार्य समेत सम्पन्न गर्नुका साथै अस्थायी शिविरमा रहेका ३२,२५० मध्ये १९,६०२ पूर्व लडाकू भएको प्रमाणित गर्ने प्रक्रिया सम्पन्न गर्‍यो । बाँकीलाई अनमिनले उमेर नपुगेका र शान्ति प्रक्रिया सुरु भएपछि भर्ना भएका भनी प्रमाणित गर्‍यो । २०६६ को प्रारम्भतिर शान्ति तथा पुनर्निर्माण मन्त्रालयले प्रारम्भ गरेको ४,००८ जना अयोग्य लडाकूको अस्थायी शिविरबाट बहिर्गमन प्रक्रियालाई अनमिनले सहयोग गर्‍यो । वहिर्गमित लडाकूहरुलाई प्राविधिक सहयोग गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले पाँचवटा क्षेत्रीय कार्यालय पनि स्थापना गर्‍यो । त्यहाँ बहिर्गमनमा परेका अयोग्य लडाकूलाई चार पुनःस्थापनाका विकल्पमध्ये एउटा रोज्ने अवसर दिइएको थियो । ती चार विकल्प थिए, १) ३५ वैकल्पिक विषयमा व्यावसायिक सीप तालिम, २) लघु उद्यमका लागि तालिम र प्रारम्भिक पूँजी, ३) शिक्षा (अर्थात् पुनः विद्यालयमा पढ्ने), ४) स्वास्थ्यसम्बन्धी तालिम ।[१७]

नेपाल सरकारको आग्रहमा सुरक्षा परिषद्ले अनमिनको कार्यकाल सात पटकसम्म थप गर्‍यो र अन्ततः २०६७ माघ १ मा नेपालबाट अनमिनको बहिर्गमन भयो ।[१८] यद्यपि अनमिनको गतिविधि विवादरहित भने थिएनन् । नेपाली कांग्रेस र नेकपा-एमाले लगायत केही दलहरुले अनमिनलाई प्रमाणीकरणको क्रममा माओवादीको पक्ष लिएको आरोप समेत लगाएका थिए ।[१९]

शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याएर देशमा दीर्घकालीन शान्ति स्थापना गर्न अन्तर्राष्ट्रिय समुदायको समर्थन र सहयोगले शान्ति प्रक्रियालाई जीवित राख्न र निष्कर्षमा पुर्‍याउन उत्प्रेरकको भूमिका निर्वाह गर्‍यो । शान्ति प्रक्रिया र संविधान लेखनमा देखिएको सुस्त गतिप्रति अन्तर्राष्ट्रिय समुदायले निरन्तर दबाब दिएकाले सरकार र राजनीतिक दलहरूमाथि मनोवैज्ञानिक प्रभाव परेको थियो । अन्तर्राष्ट्रिय समुदायको प्राविधिक तथा विशेषज्ञता सहयोग र अन्तर्राष्ट्रिय विज्ञहरूको नीतिगत सुझावले शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन तथा नयाँ संविधान लेखनका लागि संविधानसभाको निर्वाचन गर्ने दिशामा सरकार र राजनीतिक दलहरूलाई केही हदसम्म मद्दत पुगेको थियो।

## ५. अयोग्य लडाकूहरुको बहिर्गमन

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौतामा अयोग्य लडाकूलाई अस्थायी शिविरबाट तत्काल हटाइने सहमति उल्लेख छ । यद्यपि अयोग्य लडाकूको बहिर्गमन प्रक्रिया प्रमाणीकरण भएको दुई वर्षपछि मात्रै सुरु भयो।[२०] २०६६ पुष १ मा नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घ र एनेकपा (माओवादी) बीच अयोग्य लडाकू (उमेर नपुगेका र तोकिएको मितिपछि भर्ती भएका) लाई बहिर्गमन गर्ने कार्ययोजनामा हस्ताक्षर भयो । २०६६ पुष ११ मा बहिर्गमन प्रक्रियाको कार्ययोजनाको खाका तयार गरिएपछि संयुक्त राष्ट्रसङ्घ र एनेकपा (माओवादी)

१६ *समझदारी, सहमति र विस्तृत शान्ति सम्झौताको सङ्ग्रह,* नेपाल सरकार, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं, २०६४ । नेपाल सरकार र नेकपा (माओवादी) ले २४ साउन, २०६३ मा संयुक्त राष्ट्रसङ्घलाई समान व्यहोराका छुट्टाछुट्टै पत्र पठाएका थिए । दुवै पत्रले राष्ट्रसङ्घलाई माओवादी सेनाका लडाकू र तिनका हतियार तोकिएका अस्थायी शिविरमा रहने र नेपाली सेना ब्यारेकमा सीमित रहने प्रक्रिया तथा दुवै सेनाका हतियार एकअर्काविरुद्ध प्रयोग नहुने सुनिश्चितताका लागि अनुगमन गर्न गैरसैनिक व्यक्तिलाई खटाउन अनुरोध गरेका थिए । पत्रले मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालमार्फत मानवअधिकार अनुगमन गर्न, युद्धविरामका बेला आचारसंहिता अनुगमन गर्न र संविधानसभा निर्वाचनमा निर्वाचन पर्यवेक्षकहरू पठाउन पनि अनुरोध गरेको थियो ।

१७ पाइपर, रोबर्ट, 'पुटिंग दी रेकर्ड स्ट्रेट', *दी काठमाडौं पोष्ट,* २९ माघ, २०६८।

१८ नेपाल नीति अध्ययन प्रतिष्ठानको अभिलेख

१९ सिंह, प्रकाशमान, 'माओइस्ट मिस्यूज फण्डस', http://www.spotlightnepal.com/News/Article/-%E2%80%98Maoists-Misused-State-Funds%E2%80%99-

२० चापागाँई, किरण, 'डिस्चार्ज अफ डिस्क्वालीफाइड टु बिगिन डिसेम्बर २७', *रिपब्लिका,* १ पुष, २०६६ ।

बीच सहमति भयो । तीन वर्षसम्म ४,००८ जना अयोग्य लडाकू सातवटा अस्थायी शिविर र २१ वटा सहायक शिविरमा बस्दै आएका थिए । उमेर नपुगेका (२०४५ जेष्ठ १२ पछि जन्मिएका) र पछि भर्ना भएका (२०६३ जेष्ठ ११ मा सरकार र माओवादीबीच युद्धविराम भएपछि भर्ना भएका) लाई अयोग्य ठहर गरिएको थियो । उमेर नपुगेका २,९७३ जना (पुरुष १,९८८ जना र महिला ९८५ जना) र पछि भर्ना भएका १,०३५ जना (पुरुष ८०४ जना र महिला २३१ जना) थिए । अयोग्य लडाकूमध्ये ३० प्रतिशत महिला थिए । २०६६ माघ २५ को अयोग्य लडाकूको बिदाइ समारोहसम्म ४०० जना भन्दा बढी (अयोग्य लडाकूको १० प्रतिशत) लडाकू १८ वर्षमुनिका थिए । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले शैक्षिक प्याकेज र एक महिनादेखि एक वर्षसम्मका विभिन्न तालिम कार्यक्रम प्रस्ताव गरेको थियो ।[२१] अयोग्य लडाकूहरूले आफ्नो योगदानको अपमान गरेको भन्दै उक्त प्याकेज अस्वीकार गरे । तथापि संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनले जनाएअनुसार २०६६ चैत सम्म ७५० भन्दा बढी बहिगर्मित लडाकू (बिदाइ समारोहमा सहभागीमध्ये करिब एक तिहाई) ले प्याकेजमा सम्मिलित शिक्षा पुनरारम्भ, तालिम र लघु उद्यमका लागि संयुक्त राष्ट्रसङ्घलाई सम्पर्क गरेका थिए । त्यसैगरी २०६८ फागुन सम्म २,१४९ भन्दा बढी अयोग्य लडाकूले संयुक्त राष्ट्रसङ्घको पुनःस्थापना प्याकेज स्वीकार गरे । संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) का अनुसार १,१८९ जना अयोग्य लडाकूले पढाइ पूरा गरेका छन् भने ६४९ जना रोजगार वा व्यावसायमा संलग्न छन् । युनिसेफमा सिफारिस गरिएका ४८९ अयोग्य लडाकूमध्ये ४३२ जना शैक्षिक प्याकेजमा सहभागी भएका थिए । शैक्षिक प्याकेज स्वीकार गरेका अयोग्य लडाकूहरू ४९ जिल्लाका २५४ स्कुलमा अध्ययनरत छन् ।[२२] ४,००८ जना अयोग्य लडाकूमध्ये १,६१४ जना (४० प्रतिशत) ले बिदाइ समारोहमा भाग लिएनन् ।[२३] यद्यपि नेपाल सरकारले अयोग्य लडाकूहरूको स्थितिबारे अनुगमन गरेको छैन । तर बहिर्गमन प्रक्रिया भने विवादास्पद रह्यो । लडाकूका रूपमा उनीहरूको योगदानलाई अनमिनले अवमूल्यन गरेको उनीहरूको तर्क थियो । उनीहरूको दाबी थियो कि उनीहरूलाई १२-१३ वर्षको उमेरमा स्वेच्छिक रूपमा या जबर्जस्ती युद्ध गर्न बाध्य पारिएको थियो र उनीहरूले परिवार, पढाइ, साथीभाइ र बाल्यकाल छोडेर हतियार बोक्नुपरेको थियो । सशस्त्र द्वन्द्वमा युवावस्था गुमाएका, अयोग्य भनी उल्लेख गरेका कारण आफ्नो भविष्य अनिश्चित भएको महसुस गरे । धेरै बहिर्गमित लडाकूले सामाजिक अपहेलना र आर्थिक समस्याको सामना गर्नुपरेको छ ।

## ६. समायोजन र पुनःस्थापनासम्बन्धी सात बुँदे सहमति

लामो समयसम्म समायोजन र पुनःस्थापनाका प्रमुख पक्षबीच ढिलासुस्ती, अन्योल र अन्तर्विरोधका बाबजूद २०६९ कार्तिक १६ मा प्रमुख दलले समायोजन र पुनःस्थापनासम्बन्धी सात बुँदे सहमति गरी शान्ति प्रक्रियामा ऐतिहासिक निर्णय लिए । राष्ट्रिय सहमतिको यस दस्तावेजले समायोजन र पुनःस्थापनासम्बन्धी सबै विवादास्पद बुँदाहरुको ठोस र मूर्तरुपमा सम्बोधन गरेको थियो । नेपाली सेनामा समायोजन गरिने पूर्व लडाकूको सङ्ख्या, समायोजन र पुनःस्थापनाका विधि र प्रक्रिया, समायोजन हुने पूर्व लडाकूहरूको दर्जा निर्धारणका साथै स्वेच्छिक अवकाशअन्तर्गत नगदराशीको बारेमा समेत सात बुँदे सहमतिले स्पष्ट पारेको थियो । वास्तवमा सात बुँदे सहमति शान्ति प्रक्रियाको प्रमुख चुनौती, समायोजन र पुनःस्थापना सम्पन्न गर्न मार्ग प्रशस्त गर्ने ऐतिहासिक दस्तावेज थियो । संविधानसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलले शान्ति प्रक्रियाको सफलताका निम्ति आफ्ना पूर्व अडान छोडेर उदारता र लचकता प्रदर्शन गरेको परिणामस्वरुप सात बुँदे सहमति भएको थियो । अन्तरिम संविधान २०६३, विस्तृत शान्ति सम्झौता, हतियार र सेना व्यवस्थापनको

२१ उप्रेति, निरञ्जन, 'गुड ऐज इट गेटस्' *दी काठमाडौं पोष्ट*, २२ चैत, २०६६
२२ www.irinnews.org
२३ उप्रेति, निरञ्जन, पूर्वउल्लेखित ।

अनुगमन सम्बन्धी सम्झौता, राजनीतिक दलहरूबीच भएका राजनीतिक सहमति बमोजिम अन्तर्राष्ट्रिय अभ्यासका आधारभूत सिद्धान्तलाई अनुसरण गर्दै सात बुँदे सहमति गरिएको थियो । उक्त सहमति विशेष समिति, यसको सचिवालय र राजनीतिक दलहरूबीच भएका निरन्तर संवाद र सम्झौताको परिणाम थियो । वास्तवमा दलहरूले नै सात बुँदे सहमतिका विषयवस्तुको परिकल्पना गरे, मस्यौदा तयार पारे र अन्तर्राष्ट्रिय समुदायको संलग्नताबिना समायोजन र पुनःस्थापना प्रक्रिया सम्पन्न गरे ।[२४] द्वन्द्वोत्तर अन्य देशको अभ्यास विपरीत सात बुँदे सहमतिको आधारमा नेपालले राजनीतिक, सामाजिक, आर्थिक, सुरक्षा र सैन्य सन्दर्भलाई सम्बोधन गरी समायोजन र पुनःस्थापना प्रक्रिया मौलिकरुपमा सम्पन्न गरेको छ । सात बुँदे सहमतिमा उल्लेखित पूर्व लडाकूहरुको समायोजन तथा पुनःस्थापनाको स्वरुपको आधारमा शान्ति प्रक्रियाले अन्ततः दिगो शान्तिको मार्ग पहिल्याउन सफल भयो ।

**तालिका ४: पूर्व लडाकूको दर्ता, प्रमाणीकरण र वर्गीकरण प्रक्रिया तथा हतियारसम्बन्धी तथ्याङ्क**

| दर्ता तथा प्रमाणीकरण प्रक्रिया | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| दर्ता भएका पूर्व लडाकूको कुल सङ्ख्या | ३२,२५० | | |
| अनमिनले प्रमाणित गरेका लडाकू | १९,६०२ | १५,७५६ (८०.३७%) | ३,८४६ (१९.६३%) |
| दर्ता गरिएका र कन्टेनरमा राखिएका हतियारको कुल सङ्ख्या | ३,४७५ | | |
| प्रमाणीकरणमा अनुपस्थित तसर्थ स्वतः अयोग्य लडाकू | ८,६४० | | |
| **अयोग्य लडाकू** | | | |
| २०६३ जेठ ११ सम्मको मितिमा १८ वर्षमुनिका (बाल लडाकू मानिएका) | २,९७३ | १,९८७ (६६.८५%) | ९८६ (३३.१६%) |
| पछि भर्ना गरिएका | १,०३५ | ८०४ (७७.०७%) | २३१ (२२.३१%) |
| कुल अयोग्य (कम उमेर+पछि भर्ना भएका) | ४,००८ | | |
| **वर्गीकरण प्रक्रियाको नतिजा** | | | |
| वर्गीकरण प्रक्रियामा अनुपस्थित लडाकूको कुल सङ्ख्या | २,४५६ | | |
| वर्गीकरण प्रक्रियामा उपस्थित लडाकूको कुल सङ्ख्या | १७,०५२ | १३,४९४ (७९.१३%) | ३,५५८ (२०.८७%) |
| मृत, निष्कासित र भगौडा | ९४ | | |
| समायोजनमा परेका लडाकूको कुल सङ्ख्या | १,४२२ | १,३१८ (९२.६९%) | १०४ (७.३१%) |
| स्वेच्छिक अवकाशको लागि छानिएका लडाकूको कुल सङ्ख्या | १५,६२४ | १२,१७० (७७.८९%) | ३,४५४ (२२.११%) |
| पुनःस्थापना रोजेका लडाकूको कुल सङ्ख्या | ६ | ६ | ० |

**स्रोत :** विशेष समितिबाट प्राप्त तथ्याङ्क, नेपाल नीति अध्ययन प्रतिष्ठानद्वारा सङ्ग्रहित

तालिका ४ मा उल्लेख गरिएअनुसार वर्गीकरण गरिएका कुल १७,०५२ पूर्व लडाकू (१३,४९४ पुरुष र ३,५५८ महिला) मध्ये १,४२२ जना समायोजनका लागि छनोट भएका थिए भने १५,६२४ जनाले स्वेच्छिक अवकाश

२४ *सात बुँदे सहमति र कार्यान्वयनका चुनौतीहरु,* नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६८ ।

रोजेका थिए। मात्र छ जना पुरुष पूर्व लडाकूले पुनःस्थापना रोजेका थिए । सात बुँदे सहमतिअनुसार अधिकतम ६,५०० पूर्व लडाकू नेपाली सेनामा समायोजन हुन सक्ने उल्लेख भएपनि समायोजन रोज्ने पूर्व लडाकूको अन्तिम सङ्ख्या १,४२२ मात्र भयो । १,३५२ पूर्व लडाकू नेपाली सेनाको पदिक तथा अन्य दर्जामा २०७० असार २० गते समायोजन भएका छन् । अन्य ७० जना अधिकृत तहको आधारभूत तालिम पुरा गरी २०७० भदौ १० गते समायोजन भएका छन् । नेपाली सेनामा समायोजन भएका १०४ महिला पूर्व लडाकूहरुमध्ये चार जना अधिकृत तथा १०० पदिक तथा अन्य दर्जामा छन् । विशेष समितिको निर्णय बमोजिम समायोजन भएका पूर्व लडाकूमध्ये एक जनालाई महासेनानी, दुई जनालाई प्रमुख सेनानी, १३ जनालाई सेनानी र ३० जनालाई सहसेनानीको दर्जा दिइनेछ । बाँकी २४ जना उपसेनानी हुनेछन् ।

## ७. समायोजन र पुनःस्थापना प्रक्रियाका प्रमुख विशेषताहरु

हरेक द्वन्द्व र शान्ति प्रक्रिया उक्त देशको राजनीतिक, सामाजिक, आर्थिक र सैन्य परिवेशमा आफैँमा मौलिक र विशिष्ट हुन्छन् । नेपालको शान्ति प्रक्रिया पनि धेरै दृष्टिकोणले मौलिक र विशिष्ट छ । सात बुँदे सहमति समायोजन र पुनःस्थापना प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने मार्ग निर्देशक दस्तावेज हो । सात बुँदे सहमतिअनुसार नेपालले अपनाएको मोडेलका केही महत्वपूर्ण विशेषता छन् जसले समायोजन र पुनःस्थापनाका लागि विशिष्ट सिद्धान्त र प्राथमिकता आत्मसात् गरेको छ।[२५]

पहिलो - नेपालको शान्ति प्रक्रिया नेपालका राजनीतिक दलहरुले नेतृत्व गरेको मौलिक प्रक्रिया हो । यद्यपि अन्तर्राष्ट्रिय समुदायबाट प्राप्त भएको सहयोग र केही हदसम्मको संलग्नतालाई अवमूल्यन गर्न मिल्दैन । नेपालका राजनीतिक दलहरूले समग्र शान्ति प्रक्रिया नेतृत्व गरी सम्पन्न गरे । उनीहरूले पूर्व लडाकूलाई अस्थायी शिविरमा सीमित गर्ने, पूर्व लडाकू र हतियारको दर्ता तथा प्रमाणीकरण गर्ने, कन्टेनरमा रहेका हतियार र अस्थायी शिविरको अनुगमन गर्ने जस्ता प्राविधिक विषयमा अन्तर्राष्ट्रिय समुदायको सहयोग लिए। तर, शान्ति प्रक्रियामा नेतृत्वदायी भूमिका निर्वाह गरी निष्कर्षमा पुऱ्याउने काम सरकार र राजनीतिक दलहरू आफैँले गरे । राजनीतिक दलहरूले नै शान्ति प्रक्रियाका अन्तर्वस्तु परिकल्पना गरे र सात बुँदे सहमतिअनुसार निष्कर्षमा पुऱ्याए । त्यसैले शान्ति प्रक्रियालाई आफैँ पूरा गर्न सक्षम हुनु नेपाल सरकार र राजनीतिक दलहरूको सफलता हो ।[२६]

दोस्रो - सात दलीय गठबन्धन र विद्रोही नेकपा (माओवादी) ले २०६२ मा बाह्र बुँदे सहमतिमा हस्ताक्षर गरेर राजाको निरङ्कुश शासनविरुद्ध संयुक्त रूपमा सङ्घर्ष गरी लोकतन्त्र स्थापना गर्ने निर्णय गरे । अन्ततः २०६३ मा उनीहरू राजालाई सत्ताच्युत गरेर लोकतन्त्र स्थापना गर्न सफल भए । त्यसैले सशस्त्र सङ्घर्ष गरेको सशस्त्र दल र शान्ति र लोकतन्त्रमा विश्वास गर्ने निःशस्त्र राजनीतिक दलहरू लोकतन्त्र र शान्तिका लागि संयुक्त सङ्घर्ष गरी सफलता हाँसिल गर्न सक्छन् भन्ने प्रमाणित भयो। नेपालको शान्ति प्रक्रियाको सफलताको रहस्य राजनीतिक दलहरुबीच निरन्तर संवाद हो। नेकपा (माओवादी) ले विस्तृत शान्ति सम्झौतामार्फत् हिंसाको बाटो त्यागेर शान्तिपूर्ण लोकतान्त्रिक प्रक्रियाका आधारभूत सिद्धान्तहरु आत्मसात् गर्दै दशक लामो सशस्त्र सङ्घर्ष अन्त्य गऱ्यो । नेकपा (माओवादी) राजनीतिक मूलधारमा मात्रै प्रवेश गरेन, हतियार सरकारलाई बुझाएर आफ्नो सेना समेत विघटन गऱ्यो। यसरी हतियार सरकारलाई बुझाएर सेना समेत विघटन गरेपछि नेकपा (माओवादी) अन्य दल जस्तै निःशस्त्र राजनीतिक दलको रुपमा रूपान्तरण पनि भयो। त्यसैले नेपालको शान्ति प्रक्रियाले 'हिंसात्मक द्वन्द्व शान्तिपूर्ण वार्ता प्रक्रियाबाट समाधान गर्न सकिन्छ' भन्ने सन्देश दिएको छ।

तेस्रो - विभिन्न विवादास्पद विषय र प्रक्रियामा मतान्तर र केही हदसम्म असहमति तथा विरोधका बाबजुद प्रमुख राजनीतिक दलहरूले वार्ताको ढोका बन्द गरेनन् । अनवरत र निरन्तर वार्ता प्रक्रियाका कारण उनीहरूले

२५ वाग्ले, गेजा शर्मा, 'समायोजनको नेपाली मोडेल', *कान्तिपुर*, २२ असोज, २०६७।
२६ पूर्वउल्लेखित।

आफ्ना परस्पर विरोधी भएपनि विचार आदानप्रदान गरे र संवाद र सहमतिको प्रक्रियालाई जारी राखे जसको अभावमा शान्ति प्रक्रियाले वर्तमानको जस्तो स्वरुप लिन सक्ने थिएन । राजनीतिक दलहरूले 'वार्तामार्फत् सहमति'को सिद्धान्त अनुसरण गरे, जुन नेपालको शान्ति प्रक्रियाको सकारात्मक शिक्षा हो ।

**चौथो** - नेपालले समायोजन र पुनःस्थापनालगायत शान्ति प्रक्रियामा अन्य देशका अभ्यासबाट पाठ सिके पनि कुनै पनि मोडेल विशेषको अनुसरण तथा आयात भने गरेन । नेपालले अन्तरिम संविधान २०६३, विस्तृत शान्ति सम्झौता, हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता र राजनीतिक दलहरूबीच भएका राजनीतिक सहमतिअनुसार समायोजन र पुनःस्थापनाको संयन्त्र विकास गऱ्यो । धेरै देशले शान्ति स्थापना र शान्ति निर्माणमा अवलम्बन गर्ने निःशैनिकीकरण, अपरिचालन तथा समायोजन (डीडीआर) को प्राविधिक प्रक्रियालाई नेपालले अनुसरण गरेन । नेपालले डीडीआर भन्ने शब्दाबली नै प्रयोग गरेन । तर २०६३ मा पूर्व लडाकू अपरिचालित र निःशस्त्र भए । यसको सट्टामा नेपालले 'हतियार र सेना व्यवस्थापन' शब्दावली प्रयोग गऱ्यो । नेपालले सुरक्षा क्षेत्र सुधार भन्ने शब्दाबली पनि प्रयोग गरेन । तर शान्ति प्रक्रियामा यसका सिद्धान्त अनुसरण गऱ्यो । वास्तवमा नेपालले द्वन्द्व तथा शान्तिका हरेक आयामलाई नेपाली परिवेशअनुरुप सान्दर्भिक बनाएको छ ।[२७]

**पाँचौं** - प्रचलित अन्तर्राष्ट्रिय अभ्यासअनुसार पूर्व लडाकूका लागि सुरक्षा फौजमा समायोजन अथवा समाजमा पुनःस्थापना दुईटा विकल्प हुन्छन् । तर नेपालले पूर्व लडाकूलाई समाजमा पुनःस्थापना गर्ने क्रममा स्वेच्छिक अवकाशको नयाँ अवधारणा विकसित गऱ्यो । अन्तर्राष्ट्रिय अभ्यासविपरीत १९,६०२ पूर्व लडाकूमध्ये १५,६२४ जनाले स्वेच्छिक अवकाश रोज्नु उल्लेखनीय पक्ष हो । १,४२२ जना नेपाली सेनामा समायोजन भए भने केवल छ जनाले पुनःस्थापना रोजेका छन् । वास्तवमा नेपालको समायोजन र पुनःस्थापना प्रक्रिया सफल हुनुको कारण पाँच लाखदेखि आठ लाख रुपैयाँसम्मको उदार नगदराशी हो ।

**छैटौं** - अधिकांश द्वन्द्वोत्तर देशहरूलाई समायोजन र पुनःस्थापना प्रक्रियाका लागि अन्तर्राष्ट्रिय समुदायले आर्थिक सहयोग प्रदान गर्दछन् । तर नेपालले यस अभ्यासलाई पनि अनुसरण गरेन । समायोजन र स्वेच्छिक अवकाश प्रक्रियामा नेपाली करदाताबाट हाँसिल आन्तरिक स्रोत परिचालन गऱ्यो । समायोजन र पुनःस्थापना प्रक्रिया पूरा गर्न आफ्नै आन्तरिक स्रोत परिचालन गर्ने नेपाल सम्भवतः संसारको पहिलो द्वन्द्वोत्तर विकासशील राष्ट्र हो ।[२८]

**सातौं** - अन्तरिम संविधानको धारा १४६ अनुसार नेपाल सरकारले प्रमुख दल (एनेकपा (माओवादी), नेपाली कांग्रेस, नेकपा-एमाले र मधेसवादी दलहरू) का प्रतिनिधिहरू रहेको विशेष समिति गठन गऱ्यो र शान्ति प्रक्रियाको जिम्मेवारी सुम्पियो । विशेष समितिले प्रमुख राजनीतिक दलका प्रतिनिधि, सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) र पूर्व लडाकूको तर्फबाट एक जना प्रतिनिधिलाई समेटेर सचिवालय स्थापना गऱ्यो । अनमिनको बहिर्गमनपछि विशेष समिति र सचिवालयले पूर्व लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापना तथा हतियार र अस्थायी शिविरको अनुगमन गर्ने प्राविधिक र अत्यन्त संवेदनशील अतिरिक्त जिम्मेवारी पनि वहन गऱ्यो । राजनीतिक रूपमा अत्यन्त ध्रुवीकृत समाज र खण्डित राजनीतिक प्रक्रियामा अन्तर्दलीय राजनीतिक संयन्त्र र यसको सचिवालयले शान्ति प्रक्रियाका सबै निर्णयहरू सहमतिका आधारमा मात्रै गरेन, शान्ति प्रक्रियालाई टुङ्ग्याउन पनि सफल भयो ।

**आठौं** - दशक लामो द्वन्द्वकालमा जसका विरुद्ध रक्तपातपूर्ण युद्ध लडेको थियो, त्यही विद्रोही लडाकूहरुको समायोजनका लागि नेपाली सेनाले सकारात्मक भूमिका निर्वाह गऱ्यो । तत्कालीन राजनीतिक परिवेशमा दलहरूका परस्पर विरोधी विचार र अडानको कारणले समायोजन प्रक्रिया जटिल

२७ वाग्ले, गेजा एस, *नेपालमा मानव सुरक्षा : अवधारणा, बहस र चुनौतीहरु* मा 'राजनीतिक असुरक्षा र सशस्त्र द्वन्द्व : मानव सुरक्षामा चुनौती'; उप्रेति, बिआर, भट्टराई आर र वाग्ले, गेजा एस (स.), नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६९ ।

२८ पूर्वउल्लेखित ।

भई अवरुद्ध भएको परिस्थितिमा पनि नेपाली सेनाले समायोजन प्रक्रियालाई अगाडी बढाउन सकारात्मक पहल गरेको थियो । नेपाली सेनाको प्रस्तावअनुरुप राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालयमा समायोजन गर्न सकिने उल्लेख गरिएको थियो । नेपाली सेनाको उक्त प्रस्तावप्रति राजनीतिक दलहरू पनि सहमत भए । यदि नेपाली सेना सकारात्मक नभइदिएको भए समायोजन झन् कठिन र जटिल हुन्थ्यो । यसरी नेपाली सेनाले शान्ति प्रक्रियामा महत्वपूर्ण र सकारात्मक भूमिका निर्वाह गर्‍यो ।

नवौं - शान्ति प्रक्रिया पूरा हुन छ वर्षभन्दा बढी समय लाग्यो । तर नेपाली सेना, पूर्व लडाकूलगायत सबै पक्षले विस्तृत शान्ति सम्झौता, हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता र त्यसपछिका राजनीतिक सहमतिहरूको पालना गरे । अन्य द्वन्द्वोत्तर देशहरूमा जस्तो युद्धविराम भङ्ग तथा आचारसंहिता उल्लङ्घन हुने जस्ता अप्रिय घटना नेपालमा भएनन् । मूलतः दिगो शान्तिका लागि नेपाली जनताको नैतिक दबाबले पनि उनीहरूलाई शान्ति प्रक्रियालाई जारी राख्न अभिप्रेरित गर्‍यो । प्रभावकारी नागरिक समाज र प्रभावशाली सञ्चार माध्यमले बाह्र बुँदे सहमतिमा हस्ताक्षर भएदेखि नै शान्ति प्रक्रियाको सफलता र संविधान लेखनका लागि सरकार र राजनीतिक दलहरूलाई निरन्तर दबाब दिएर उदाहरणीय भूमिका निर्वाह गरे ।

नेपाल नीति अध्ययन प्रतिष्ठान पनि २०६६ देखि अनौपचारिक सहजकर्ताका रूपमा विशेष समिति र यसको सचिवालयसँग सम्बद्ध रह्यो । यसले विशेष समिति र सचिवालयलाई उनीहरूका आवश्यकताअनुसार प्राविधिक सहयोग प्रदान गरेको थियो ।

माथि उल्लेखित नेपालको शान्ति प्रक्रियाका मौलिक पक्षको विश्लेषण गर्दा वास्तवमा यसले नेपालको शान्ति प्रक्रियालाई मात्रै मौलिक र विशिष्ट बनाएको छैन, यो मोडेल द्वन्द्वग्रस्त अन्य देशहरूकालागि द्वन्द्व व्यवस्थापन गरी दिगो शान्ति स्थापना गर्न महत्वपूर्ण सन्दर्भ तथा शिक्षा हुनसक्छ ।

## ८. समायोजन र पुनःस्थापना प्रक्रियाको आर्थिक खर्च

द्वन्द्व व्यवस्थापन गरी शान्ति स्थापनाको दृष्टिले विश्लेषण गर्दा नेपालको शान्ति प्रक्रिया महत्वपूर्ण उपलब्धि सहित उदाहरणीय रुपमा सम्पन्न भयो । तर आर्थिक दृष्टिले विश्लेषण गर्दा महँगो भयो । २०७० असारमा प्रकाशित एक आर्थिक सर्वेक्षणअनुसार नेपालको प्रतिव्यक्ति आय ७१७ अमेरिकी डलर छ । संसारका सबैभन्दा गरिब देशमध्ये एक नेपालले शान्ति प्रक्रियाका लागि २३ अर्ब भन्दा बढी खर्च गर्‍यो । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले प्रस्तुत गरेको खर्च विवरणअनुसार खाद्यान्न तथा दैनिक आवश्यकतामा २ अर्ब ७७ करोड खर्च भएको थियो । पूर्व लडाकूको मासिक तलबमा ५ अर्ब ८२ करोड खर्च भएको थियो । यस रकममा २०६३ चैतमा माओवादी नेता कृष्णबहादुर महराले अस्थायी शिविरका लडाकूहरूको तलबका लागि बुझेको ४६ करोडका साथै पूर्वाधारका लागि खर्च भएको २७ करोड र भौतिक पूर्वाधार विकासका लागि खर्च भएको ४१ करोड पनि समावेश छन् । त्यसैगरी विविध शीर्षकमा २७ करोड र प्रशासनिक खर्च १४ करोड भएको देखाइएको छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालयको विवरणअनुसार नेपाल शान्ति कोषले सडक निर्माणमा ७४ करोड, खानेपानीमा ३४ करोड र अन्य पूर्वाधारमा ४१ करोड खर्च गरेको थियो । खर्च विवरणले स्वास्थ्यमा ३३ करोड र अस्थायी शिविरमा विद्युत आपूर्तिका लागि २ करोड ५३ लाख खर्च भएको देखाएको छ । २०६४ चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचनपछि राजनीतिक दलहरुबीच सहमति भएअनुरुप छ महिनाभित्र शान्ति प्रक्रिया सम्पन्न भएको भए खर्च निकै कम गर्न सकिन्थ्यो । तर शान्ति प्रक्रिया पूरा हुन करिब सात वर्ष लाग्यो । फलस्वरूप यसको लागत थपिँदै गयो । शान्ति प्रक्रियाको सम्पूर्ण अवधिको कुल खर्च तलका तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ ।

**तालिका ५: शिविर व्यवस्थापनको लागि कुल खर्च**

| आ.व.(१००० मा)/विवरण | ०६३/०६४ | ०६४/०६५ | ०६५/०६६ | ०६६/०६७ | ०६७/०६८ | ०६८/०६९ | ०६९/०७० को पुष मसान्तसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| लडाकूहरुको भरणपोषण | १,७४,००५.२८ | ५,१०,७५१.५६ | ५,४७,५४४.७२ | ५,६४,९०८.५८ | ५,६१,८४०.२५ | ३,८२,२२६.९८ | २४,३३७.५७ | २७,६५,६१४.९४ |
| लडाकूहरुको मासिक भत्ता | ९२,५५६.०० | ५,१४,४८५.० | १८,५५,३४४.५८ | ११,७३,५२७.७४ | ११,६९,०८०.० | १०,२१,४७१.०३ | ६२,२०९.३८ | ५८,८८,६७३.७३ |
| केन्द्रीय र स्थानीय शिविर कार्यालयको प्रशाासनिक खर्च | ३९,५१८.६७ | १६,८३६.२३ | १३,६३८.६१ | १९,९२९.२२ | १९,५९६.८१ | १९,१७२.४५ | ८,११८.७७ | १,३६,८१०.७६ |
| भौतिक संरचना निर्माण | २,६३,७५७.९५ | | ७,२४५.०६ | | | | | २,७१,००३.०१ |
| कृष्णबहादुर महरामार्फत खर्च | ४,६१,०६७.२० | | | | | | | ४,६१,०६७.२० |
| अन्तरिम कार्यदलको पारिश्रमिक | | ७,६४९.७६ | | | | | | ७,६४९.७६ |
| पाल ढुवानी | | १०००.६२ | | | | | | १०००.६२ |
| रोल्पाका लागि खाद्यान्न ढुवानी (हेलीकप्टर भाडा) | | ३६५.५ | | | | | | ३६५.५ |
| प्रमाणीकरण गर्न लडाकूहरुलाई सहायक शिविरबाट मुख्य शविरमा ल्याउँदाको सवारी साधन भाडा | | ३,००७.४ | | | | | | ३,००७.४ |
| वक्यौता दुरसञ्चार महसुल | | | | | | ५४,८६५.९० | ८१,२८५.५८ | १,३६१५१.४८ |
| विरगञ्जदेखि सम्बन्धित शिविरमा पाल ढुवानी खर्च | | | ७०० | | | | | ७०० |
| पालको डेमरेज चार्ज भुक्तानी | | | २२१.६८ | | | | | २२१.६८ |
| नवलपरासी शिविरको फुल खरीद वापत वक्यौता भुक्तानी | | | ५३२.६२ | | | | | ५३२.६२ |
| नवलपरासीमा निर्माण भएको टहराको थप भुक्तानी | | | ७२४.०६ | | | | | ७२४.०६ |
| काठको कटान, मुछान र ढुवानी वापत वक्यौता रकम भुक्तानी | | | १७,११६.९० | | | | | १७,११६.९० |
| शिविरहरुको वक्यौता विद्युत महसुल भुक्तानी | | | २६,५१९.६३ | | | | | २६,५१९.६३ |
| काठको राजश्व र मुल्य अभिवृद्धि कर वापतको वक्यौता भुक्तानी | | | ६२,५२८.७५ | | | | | ६२,५२८.७५ |
| हावाहुरीबाट क्षतिग्रस्त टहराहरुको मर्मत | | | ३,७६३.६२ | | | | | ३,७६३.६२ |
| शिविरहरुको टहरा मर्मत | | | | १०,७०० | | ४०० | | ११,१०० |
| नवलपरासीको खानेपानी बोरीङ्ग मर्मत | | | | | | २००.८३ | | २००.८३ |
| टेलिफोन महसुल खर्च | | | १,१११.३३ | | | | १,७४०.४४ | २,८५१.७७ |
| अन्य खर्च | | १२,०२३.२८ | १,१२,४९४.५२ | १०,७००.०० | | ५५,४६६.७४ | ८३,०२६.०२ | २,७३,७१०.५६ |
| **जम्मा** | **१०,३०,९०५.१** | **१०,६६,११९.३५** | **२६,४९,४८६.०८** | **१७,७९,७६५.५४** | **१७,५०,५१७.०६** | **१५,३३,८०३.९३** | **२,६०,७१७.७६** | |

**स्रोत:** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

## ८.१ अस्थायी शिविर र लडाकू व्यवस्थापनको खर्च

पूर्व लडाकूहरूको प्रमाणीकरण प्रक्रियादेखि अस्थायी शिविर व्यवस्थापन कार्य सुरु भयो । आर्थिक वर्ष २०६३/६४ देखि पुष २०६९/७० सम्म शिविर व्यवस्थापनमा खर्च भएको थियो । यस अवधिमा पूर्व लडाकूको भरणपोषणमा कुल २ अर्ब ७७ करोड खर्च भएको थियो । पहिलो वर्ष कृष्णबहादुर महरामार्फत करिब ४६ करोड १० लाख खर्च भएको थियो । महरालाई यति ठूलो रकम दिने नेपाल सरकारको निर्णयप्रति राजनीतिक दलहरूले असहमति व्यक्त गरेका थिए । महराले पूर्व लडाकूको तलबभत्तामा आफूले खर्च गरेको ४६ करोड १० लाखको विवरण आजसम्म प्रस्तुत गर्न सकेका छैनन् । आर्थिक वर्ष २०६४/६५ देखि २०६९/७० सम्म लडाकूहरूको तलबभत्तामा ५ अर्ब ९० करोड खर्च भएको थियो । छ वर्षको प्रशासनिक खर्च १३ करोड ७० लाख थियो । आर्थिक वर्ष २०६३/६४ र २०६५/६६ मा पूर्वाधार विकासमा २७ करोड खर्च भएको थियो । तर एकातिर पूर्वाधार निर्माण र व्यवस्थापनको खर्च र आवास, सडक र अन्य निर्माणको गुणस्तर तथा परिमाणबीच सामञ्जस्य देखिँदैन । अर्कोतिर पूर्वाधारका खर्चहरू विभिन्न उपशीर्षकमा विरोधाभाष देखिएका छन् (हेर्नुहोस् तालिका ५ र ७) ।

शिविर व्यवस्थापन कार्यालयका साथै नेपाल शान्ति कोषमार्फत चुक्ता गरिएको विद्युत महसुल नेपाली मापदण्डका हिसाबले औसतभन्दा निकै उच्च छ । पाँच वर्षसम्म विद्युत महसुल तिरिएको थिएन । पाँच वर्षपछि ५ करोड ४८ लाख ६० हजार एकै पटक तिरिएको थियो । विद्युतकालागि सरकारले पहिले नै बजेट छुट्याएर समयमै निकासा गरेको थियो । तर समयमै महसुल तिरिएन । त्यसैले यसमा माओवादी कमाण्डर र शिविर व्यवस्थापन कार्यालयको लापरबाही र अपारदर्शिता देखिन्छ । त्यसैगरी अन्तिम आर्थिक वर्ष २०६९/७० मा केवल छ महिनाको विद्युत महसुल ८ करोड १२ लाख थियो । उक्त रकम समग्र छ वर्षको महसुलभन्दा बढी थियो । आर्थिक वर्ष २०६४/६५, २०६५/६६, २०६६/६७, २०६८/६९ र २०६९/७० मा विविध शीर्षकमा २७ करोड खर्च गरिएको छ ।

अनमिनले १९,६०२ जना लडाकू प्रमाणित गरेकोमा विशेष समितिले वर्गीकरण गर्दा केवल १७,०५२ मात्रै उपस्थित भए । तीमध्ये पनि ९४ जना मृत, निष्कासित वा भगौडा प्रमाणित भएका थिए । उक्त तथ्याङ्क अनुसार २,४५६ जना लडाकूहरु शिविरमा नै नभएको पुष्टी हुन्छ । तर माओवादीले २०६८ को अन्त्यसम्म नेपाल सरकार बाट सबै १९,६०२ जना लडाकूका लागि रकम लिइरहे को थियो । यसकारण साढे छ वर्षको अवधिमा ४ अर्ब रुपैयाँभन्दा बढी आर्थिक अनियमितता देखिएको छ ।[२९] यो अनियमितता समग्र शान्ति प्रक्रियामा भएको कुल खर्चको सबैभन्दा ठूलो विचलन हो ।

२९ विरही, यम, 'चार अर्ब भ्रष्टाचारमा छानबिन', *अन्नपूर्ण पोस्ट*, १९ असार, २०७०।

**तालिका ६: विशेष समिति सचिवालय तर्फ आर्थिक वर्ष ०६७/०६८ देखि ०६९/०७० (चैत २० गते सम्म)**

| आ.व. | विवरण | खर्च |
|---|---|---|
| ०६७/०६८ | २८ शिविर एवम् छाउनीमा अनुगमन टोलीको स्थापना खर्च तथा केन्द्रमा सिचुएसन सेन्टर र सचिवालयको प्रशासनिक खर्च । | ४,५२,५९,७१८.०१ |
| ०६८/०६९ | विशेष समितिको सचिवालयबाट पूर्व लडाकूहरुको वर्गीकरण, समायोजन तथा स्वेच्छिक अवकाशमा जाने लडाकूहरुको विदाई लगायत २८ शिविर, छाउनी, सिचुएसन सेन्टर र सचिवालयको दैनिक तथा प्रशासनिक खर्च । | १५,२८,६०,८९३.६० |
| | स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूहरुलाई प्रथम किस्ता तथा बाटो खर्च वापत भएको खर्च । | ३,६२,८५,२७,००० |
| ०६९/०७० | विशेष समिति सचिवालय तथा पूर्व लडाकूहरुको बिदाई सम्बन्धी कार्यक्रममा भएको प्रशासनिक खर्च (२०६९ चैत २० गते सम्मको ) | १,९९०८,४८४.५६ |
| | स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूहरुलाई दोस्रो किस्ता तथा समायोजनमा नपरेका लडाकूहरुलाई पुरै किस्ता तथा बाटो खर्च वापत निकासा भएको । | ४,५२,७०,१७,००० |
| | **जम्मा** | **८,३७,३५,७३,०९६.१७** |

**स्रोतः** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

## ८.२. विशेष समिति र सचिवालयको खर्च

**२०६७ देखि २०७० सम्म ८ अर्ब ३० करोड विशेष समितिमार्फत खर्च भएको छ । उक्त रकममध्ये स्वेच्छिक अवकाश रोज्ने पूर्व लडाकूका लागि नगद र यातायात भत्तामा ८ अर्ब १० करोड खर्च गरिएको छ । विशेष समितिको प्रशासनिक खर्च २२ करोड थियो । यो नेपाली मापदण्डका दृष्टिले औसतभन्दा धेरै माथि हो ।**

**तालिका ७: शान्ति प्रक्रियाको कुल खर्च-नेपाल शान्ति कोषतर्फ (पूर्व लडाकूहरुको भरणपोषण बाहेक) आर्थिक वर्ष ०६३/०६४ देखि ०६९/०७०**

| क्र.सं. | विवरण | खर्च | कैफियत |
|---|---|---|---|
| १. | सडक | ७४,३१,५४,००० | सडक विभागबाट |
| २. | खानेपानी | ३,४१,४६,००० | खानेपानी विभागबाट |
| ३. | भौतिक संरचना | ४१,१०,३५,००० | भवन विभागबाट |
| ४. | स्वास्थ्य | ३३,११,५०,००० | स्वास्थ्य मन्त्रालयबाट (शिविरहरुको बाँकी वक्यौता रकम भुक्तानीका लागि ५३ लाख थप निकासा सहित) |
| ५. | विद्युत | २,५३,३०,००० | विद्युत प्राधिकरणबाट |
| | **जम्मा** | **१,५४,४८,१५,०००** | |

**स्रोतः** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

**यस अवधिमा नेपाल शान्ति कोषले कुल १ अर्ब ५० करोड खर्च गरेको थियो । यसमध्ये अधिकांश रकम ७४ करोड सडक निर्माणमा खर्च भएको थियो । निर्माण भएका सडकका गुणस्तर र स्थानका तथ्याङ्क भने उपलब्ध छैनन् । शिविर व्यवस्थापन कार्यालयबाट २७ करोड पहिले नै खर्च भइसकेको थियो (हेर्नुहोस् तालिका ५ र ७) । नेपाल शान्ति कोषले पूर्वाधारका नाममा थप ४१ करोड खर्च गरेको थियो । यसैगरी शिविर व्यवस्थापन कार्यालयले १६ करोड ४० लाख विद्युत महसुल तिरेको थियो। अर्कोतिर नेपाल शान्ति कोषले पनि २५ करोड विद्युत महसुल तिर्न खर्च गरेको थियो । यसरी विद्युत महसुलमा कुल ४२ करोड खर्च भएको थियो ।**

## ८.३. स्वेच्छिक अवकाशको खर्च

१५,६२४ जना पूर्व लडाकूले स्वेच्छिक अवकाश रोजेका थिए । उनीहरूको दर्जा र माओवादी सेनामा भर्ना भएको मितिअनुसार पाँचदेखि आठ लाख (५,७११ देखि ९,१३८ अमेरिकी डलर) सम्मको नगदराशी दुई किस्तामा दिइएको थियो । यस अतिरिक्त पूर्व लडाकूहरूलाई यातायात खर्च पनि दिइएको थियो । जसअनुसार तराईका जिल्लाका लागि दुई हजार, पहाडी जिल्लाका लागि पाँच हजार र हिमाली जिल्लाका लागि आठ हजार यातायात खर्च दिइएको थियो । यातायात भत्तासहित पूर्व लडाकूलाई पहिलो किस्ताको रकम वितरण गर्दा ३ अर्ब ६२ करोड खर्च भएको थियो भने सेना समायोजनमा योग्य नठहरिएका लडाकूहरूको खर्च र दोस्रो किस्ताको रकम गरी ४ अर्ब ५२ करोड खर्च गरिएको थियो । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले यातायात खर्च मात्रै ३ करोड ७० लाख भएको जनाएको थियो । यसरी यातायात भत्तासहित स्वेच्छिक अवकाशमा कुल ८ अर्ब १५ करोड ५५ लाख ४४ हजार खर्च भएको थियो ।

तालिका ८: हाल सम्मको जम्मा खर्च:

| क्र.स. | कार्यालय | खर्च |
|---|---|---|
| १. | शिविर व्यवस्थापन कार्यालयबाट | ९,७९,६८,८०,२९७.४१ |
| २. | नेपाल शान्ति कोषबाट (भरणपोषण बाहेक) | १,५४,४८,१५,०००.०० |
| ३. | विशेष समितिको सचिवालयबाट | ८,३७,३५,७३,०९६.१७ |
| | **जम्मा** | **१९,७१,५२,६८,३९३.५८** |

**स्रोत:** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

अस्थायी शिविर व्यवस्थापन कार्यालयले ९ अर्ब ७० करोड, नेपाल शान्ति कोषले १ अर्ब ५० करोड र विशेष समितिले ८ अर्ब ३० करोड खर्च गरेका थिए । शान्ति कोष र शिविर व्यवस्थापन कार्यालयले पूर्वाधार विकास, सडक निर्माण र विद्युतमा दोहोरो खर्च गरेका देखिन्छ (हेर्नुहोस् तालिका ५ र ७) ।

## ८.४ अनमिन

पूर्व लडाकूहरुको निष्पक्ष प्रमाणीकरण र लडाकू तथा हतियारको अनुगमन तथा स्वतन्त्र र धाँधलीरहित संविधानसभा निवार्चनको पर्यवेक्षण गर्न नेपाल सरकार र राजनीतिक दलहरुले अनमिनलाई आग्रह गरेका थिए । उक्त जिम्मेवारीहरु सम्पन्न गर्ने क्रममा अनमिनको भूमिका उल्लेखनीय रह्यो । तर यस अवधिमा अनमिनले कैयौं आलोचनाहरुको पनि सामना गर्नुपर्‍यो । प्रमाणीकरण प्रक्रियाका दौरान लगाइएका आरोपका अतिरिक्त अनमिन आर्थिक पारदर्शिताका दृष्टिले समेत चुकेको देखिन्छ । अनमिनले नेपालमा रही कार्य गरेको समयावधिमा भएको खर्च विवरण समेत सार्वजनिक गरेको छैन । त्यसैले प्रस्तुत नीति पत्रमा अनमिनको खर्च समावेश गरिएको छैन । संयुक्त राष्ट्रसङ्घ जस्तो मर्यादित र निष्पक्ष अन्तर्राष्ट्रिय संस्था अनमिनले उच्च पारदर्शिता र जवाफदेहिता प्रस्तुत गर्न सक्नु पर्ने हो । तर नेपालको शान्ति प्रक्रियामा अनमिनले प्रदर्शन गरेको विवादास्पद गतिविधिका कारण उसको सम्पूर्ण भूमिकामा प्रश्नचिह्न खडा भएको छ ।

## ८.५ द्वन्द्व पीडित राहत खर्च

नेपाल शान्ति कोषले २०६३ पछि अहिलेसम्म अन्तर्राष्ट्रिय दाताहरूबाट आर्थिक सहायता प्राप्त गरिरहेको छ । तर राजनीतिक अस्थिरताका साथै सरकारको अदक्षताका कारण उक्त आर्थिक सहायतालाई प्रभावकारी र उपयुक्त ढङ्गले सदुपयोग गर्न सकेको छैन । नेपाल शान्ति कोषले परियोजना कार्यान्वयन गर्दा द्वन्द्व पीडित र तिनका परिवारलाई बेवास्ता गरिएको छ । यद्यपि नेपाल सरकारले सशस्त्र द्वन्द्वकालका द्वन्द्व पीडित तथा विस्तृत शान्ति सम्झौतापश्चात्का विभिन्न घटनाका पीडितहरुलाई राहत प्रदान गरेको छ । घटनाको प्रकार हेरी निर्धारण गरिएको राहत रकम केहीलाई प्रदान गरिसकिएको छ भने केहीलाई बाँकी छ । द्वन्द्वपीडितको सङ्ख्या, घटना, राहतको प्रकार, २०७० असार मसान्तसम्म प्रदान गरिएको राहत रकमलगायतको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९ : शान्ति तथा पुनर्निर्माण मन्त्रालयले द्वन्द्व पीडितहरुलाई प्रदान गरेको राहत विवरण २०७० असार मसान्तसम्म (अद्यावधिक मिति २०७०/०४/२०)[३०]

| क्र.सं. | द्वन्द्व पीडित र राहतको प्रकार | कुल सङ्ख्या | शुरु देखि आ.व. २०६९/०७० को असार मसान्त सम्मको प्रगति | | सम्पादन गर्न बाँकी कार्य | हाल सम्मको कुल राहत रकम (रु) |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | रकम (रु. हजारमा) | | |
| १ | मृतकका हकदारलाई राहत (रु. १ लाखका दरले) | १७,८८६ | | | | १,७८,८६,००,००० |
| २ | सर्वसाधारण मृतकका एकल महिला (रु. २५ हजारका दरले) | ९,००० | | | | २२,५०,००,००० |
| ३ | बेपत्ता पारिएका हकदारलाई राहत (रु. १ लाखका दरले) | १,५३० | १,५२८ | १,५२,८०० | २ | १५,२८,००,००० |
| ४ | विस्थापित भएकालाई आर्थिक सहायता | ७९,५७१ | २५,००० | २,४०,१४४ | ५४,५७१ | २४,०१,४४,००० |
| ५ | व्यक्तिगत सम्पत्ति क्षति भएकालाई आर्थिक सहायता | १७,४८४ | ९,०४५ | ३,२३,७४० | ८,४३९ | ३२,३७,४०,००० |
| ६ | अङ्गभङ्ग भएकालाई आर्थिक सहायता | ८,१९१ | ७,९९६ | ३,६९,८६८ | १९५ | ३६,९८,६८,००० |
| ७ | अपहरणमा परेका व्यक्तिलाई राहत (रु. २५ हजारका दरले) | ३,१४२ | ३,४०५ | ८५,१२५ | -२६३ | ८,५१,२५,००० |
| ८ | ऐतिहासिक जनआन्दोलनका सहिद पारिवारिक वृत्ति | २६ | २६ | ९२५२.४ | | ९२,५२,४०० |
| ९ | ऐतिहासिक जनआन्दोलनका घाइते (५०%+) मासिक वृत्ति | ३० | ३० | ८,५०७.४ | | ८५,०७,४०० |
| १० | ऐतिहासिक जनआन्दोलनका घाइतेलाई राहत | ३,९८४ | ३,२१६ | ४०,६४७ | ७६८ | ४,०६,४७,००० |
| ११ | ५१% भन्दा माथि अङ्गभङ्ग भएकालाई जीवन निर्वाह भत्ता | ७४४ | ७३६ | ८४,३७७ | ८ | ८,४३,७७,००० |
| १२ | आमाबाब दुबै गुमाएका टुहुरा बालबालिकालाई राहत | ६२० | ५२२ | ५५,३५० | ९८ | ५,५३,५०,००० |
| १३ | विस्तृत शान्ति सम्झौता पश्चात्का घटनामा परी मृत्यु हुने को हकदारलाई राहत | ११० | ५८ | ८,७०५ | ५२ | ८७,०५,००० |
| | | | | | जम्मा | **३,३९,२१,१५,८००** |

**स्रोत :** शान्ति तथा पुनर्निर्माण मन्त्रालय , २०१३

३० **शान्ति तथा पुनर्निर्माण मन्त्रालय,** http://www.rahat.gov.np/uploads/4330_File_Ashad1.pd

माथिको तालिकाले द्वन्द्व पीडित र राहतको प्रकारसम्बन्धी नेपाल सरकारको पछिल्लो तथ्याङ्क प्रस्तुत गर्दछ । जसअनुसार सशस्त्र द्वन्द्वको अवधिमा कुल १७,८८६ व्यक्तिले ज्यान गुमाएका थिए, जसका हकदारलाई एक लाखका दरले राहत वितरण गरिएको देखिन्छ। त्यसै गरी सर्वसाधारण मृतकका ९,००० एकल महिलालाई २५ हजारका दरले राहत वितरण गरिएको देखिन्छ । १,५३० बेपत्ता पारिएका नागरिक मध्ये १,५२८ जनाका हकदारलाई एक लाखका दरले १५ करोड २८ लाख वितरण गरिएको छ र २ जनाको वितरण गर्न बाँकी छ । त्यसैगरी सशस्त्र द्वन्द्वकालमा विस्थापित ७९,५७१ मध्ये २५,००० विस्थापित व्यक्तिका नाममा २४ करोड एक लाख ४४ हजार बराबरको रकम राहत स्वरुप वितरण भएको छ । ५४,५७१ व्यक्तिको बाँकी छ । द्वन्द्वकालमा व्यक्तिगत सम्पत्ति क्षति तथा अङ्गभङ्ग भएका, अपहरणमा परेका, सहिद परिवार, घाइते, आमाबाबु दुवै गुमाएका टुहुरा तथा शान्ति सम्झौता पश्चात्का घटनामा परी मृत्यु हुनेका हकदार लाई पनि आर्थिक सहायता उपलब्ध गराइएको छ । व्यक्तिगत सम्पत्ति क्षति भएको भनिएका १७,४८४ मध्ये ९,०४५ घटनाका लागि ३२ करोड ३७ लाख ४ हजार रकम निकासा भइसकेको छ भने ८,४३९ जनालाई बाँकी छ। शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट प्राप्त भएको २०६८ असार मसान्तसम्मको अघिल्लो एक तथ्याङ्कमा मृतकको सङ्ख्या १७,८२८, बेपत्ता नागरिकको सङ्ख्या १,४५२ र जम्मा १४,४३८ व्यक्तिगत सम्पत्तिमा क्षति पुगेको विवरण थियो ।[३१] यसरी पीडितहरुको सङ्ख्यामा वृद्धि भइरहँदा यसले सशस्त्र द्वन्द्वका पीडितहरुको वास्तविक सङ्ख्या यकिन गर्न कठिनाई मात्रै सिर्जना गरेको छैन, देशले थप आर्थिक भार समेत बेहोर्नु परेको छ ।

**तालिका १०: शान्ति प्रक्रियाको जम्मा खर्च**

| क्र.सं. | शीर्षक | जम्मा खर्च (रु.) |
|---|---|---|
| १. | भौतिक संरचना | ६८,२०,३८,०१७ |
| २. | भरणपोषण | २,७६,५६,१४,९६२ |
| ३. | पूर्व लडाकूहरुको मासिक भत्ता (कृष्णबहादुर महरा मार्फत गरिएको खर्च बाहेक) | ५,८८,८६,७३,७४६ |
| ४. | प्रशाासनिक खर्च | १३,६८,१०,८०४ |
| ५. | सडक | ७४,३१,५४,००० |
| ६. | खानेपानी | ३,४१,४६,००० |
| ७. | स्वास्थ्य | ३३,११,५०,००० |
| ८. | विद्युत | २,५३,३०,००० |
| ९. | स्वेच्छिक अवकाश | ८,१५,५५,४४,००० |
| १०. | कृष्णबहादुर महरा मार्फत गरिएको खर्च | ४६,१०,६७,२०० |
| ११. | स्वेच्छिक अवकाश बाहेक विशेष समिति सचिवालयको जम्मा खर्च | २१,८०,२९,०९६ |
| १२. | शान्ति मन्त्रालयले द्वन्द्व पीडितहरुलाई प्रदान गरेको राहत कुल रकम (आ.व २०६९/०७० सम्म) | ३,३९,२१,१५,८०० |
| १३. | विविध | २७,३७,१०,५६७ |
| | **जम्मा** | **२३,१०,७३,८४,१९२** |

**स्रोत :** शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०१३

३१ वाग्ले, गेजा एस, *नेपालमा मानव सुरक्षाःअवधारणा, बहस र चुनौतीहरु*, मा 'राजनीतिक असुरक्षा र सशस्त्र द्वन्द्व : मानव सुरक्षामा चुनौती' उप्रेति, विआर, भट्टराई आर र वाग्ले, गेजा एस (स.), नेपाल नीति अध्ययन प्रतिष्ठान, २०६९ ।

## ९. समायोजन र पुनःस्थापनापश्चात्का चुनौती

विस्तृत शान्ति सम्झौतामा संविधानसभाको निर्वाचन पश्चात् छ महिनाभित्र शान्ति प्रक्रिया पूरा गर्ने सहमति भएको थियो। तर शान्ति प्रक्रिया सम्पन्न गर्न छ वर्षभन्दा बढी समय लाग्यो । समायोजन र पुनःस्थापना प्रक्रिया सम्पन्न भएपछि शान्ति प्रक्रियाको एउटा आयाम त पूरा भयो। तर केही प्रमुख विषयलाई सम्बोधन गर्न सकेन। त्यसैले अपूर्ण शान्ति प्रक्रिया, द्वन्द्व पीडितले पाएको अपर्याप्त राहत र उनीहरुले न्याय नपाउँदा दिगो शान्तिका दृष्टिले गम्भीर प्रश्नचिह्न खडा भएको छ। शान्ति प्रक्रियाको प्रारम्भ देखि नै माओवादी र द्वन्द्व पीडितहरुको दृष्टिकोणप्रति नेपाल सरकार, राजनीतिक दल र अन्य सरोकारवालाहरुको समान दृष्टिकोण थिएन । त्यसैले उक्त असमान र विरोधाभाषपूर्ण दृष्टिकोणको कारण वास्तविक द्वन्द्व पीडितलाई बेवास्ता गरिएको कारणले उनीहरुले उचित राहत र न्याय पाउन सकेनन्।

शान्ति प्रक्रियामा प्रमुखरुपमा खड्किने विषय सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन नहुनु हो । परिणामस्वरूप हजारौं द्वन्द्व पीडित र तिनका परिवार अहिले पनि न्यायको प्रतीक्षामा छन् । नेपालको शान्ति प्रक्रियाको परिवेशमा 'ढिलो गरी न्याय पाउनु न्याय नपाउनु सरह हो' भन्ने उखान चरितार्थ हुँदैछ। द्वन्द्वकालमा राज्य तथा विद्रोही पक्षबाट भएका असङ्ख्य मानवअधिकार उल्लङ्घनका घटना बेवास्ता गरिएका छन्। यसले द्वन्द्व पीडितमा आक्रोश, उद्विग्नता र निराशा थपिदिएको छ। आफ्ना प्रतिबद्धताका बाबजूद राजनीतिक दलहरू सशस्त्र द्वन्द्वको यो सबैभन्दा पीडादायी पक्षलाई सम्बोधन गर्न उदासीन देखिएका छन्। मानवअधिकार कानुनअन्तर्गत राज्य पीडित तथा साक्षीहरूको अधिकार रक्षा गर्न विशिष्ट कदम चाल्न बाध्य हुन्छ, जब उनीहरू न्यायिक, अर्ध-न्यायिक र अन्य न्यायिक प्रक्रियामा सहभागी हुन सहमत हुन्छन् । तर नेपालमा पीडित र साक्षीहरूको संरक्षण गर्ने औपचारिक राज्य संयन्त्र तथा निकायहरु विद्यमान छैनन्। त्यसैले उक्त संयन्त्र तथा निकायहरुको अभावमा उनीहरूको सुरक्षा गम्भीर खतरामा परेको छ।

स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूहरूको अनुगमन गरिएको छैन । उनीहरूलाई समाजले पुनः स्वीकार गऱ्यो कि गरेन, गऱ्यो भने कसरी गऱ्यो, यस विषयमा सीमित जानकारी छ। उनीहरूले प्राप्त गरेको नगद रकम दुरुपयोग गर्ने तथा हतियार तथा युद्ध-सामग्रीसम्बन्धी उनीहरूको ज्ञान र युद्धकौशलताले उनीहरू आपराधिक क्रियाकलापमा संलग्न हुने सम्भावना उच्च छ। उक्त सम्भावनाले सुरक्षा क्षेत्रमा मात्रै होइन्, समग्र शान्ति प्रक्रियालाई नै चुनौती सिर्जना गर्न सक्छ। विगत केही समयदेखि केही पूर्व लडाकूहरु गैरकानुनी तथा आपराधिक गतिविधिमा संलग्न भएका समाचार आम सञ्चार माध्यममा प्रकाशित भइरहेका छन् । आम सञ्चार माध्यम र सरकारको सूचनाअनुसार केही पूर्व लडाकूहरु हत्या, डकैती, असुली र अवैध भ्वाइस ओभर इन्टरनेट प्रोटोकल (भीओआईपी) जस्ता अपराधमा संलग्न भएका छन्।[३२]

अयोग्य लडाकूका हकमा पनि यही वास्तविकता लागु हुनसक्छ । आफूहरूलाई प्रस्ताव गरिएको पुनःस्थापना प्याकेज सम्मानजनक नभएको भन्दै अधिकांश अयोग्य लडाकूले स्वीकार गरेनन् । जीविकोपार्जनका लागि सीमित विकल्प हुनु र हतियार चलाउने ज्ञान हुनुले केही अयोग्य लडाकू लुटपाट र असुलीजस्ता अपराधमा संलग्न भइसकेका छन्। यसले सामाजिक एवम् समग्र सुरक्षामा गम्भीर खतरा उत्पन्न हुन सक्छ। आफूलाई 'जनमुक्ति सेना नेपाल, भूपू सैनिक एकता सङ्घ' भन्ने पूर्व लडाकूहरूको एक समूहले झापा जिल्लामा विभिन्न आपराधिक गतिविधि सञ्चालन गरिरहेको समाचार आम सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका छन् । सङ्घमा ठूलो सङ्ख्यामा अयोग्य लडाकू रहेका र यो झापामा जबर्जस्ती असुली, अपहरण र लुटपाटमा संलग्न भएको नेपाल प्रहरीले निष्कर्ष निकालेको छ।[३३]

३२ 'एक्स माओइस्ट फाइटर्स बिहाइन्ड क्राइम्स इन भ्याली : पुलिस' *दी हिमालयन टाइम्स,* २२ असार, २०७०।
३३ एक्स् कम्बेटेन्ट इन्टु काइम सेज् पुलिस', *दी काठमाडौं पोष्ट,* २५ भदौ, २०६७।

बढ्दो दण्डहीनताको संस्कृति र अपराधको राजनीतिकरणका साथै सरोकारवालाहरु पूर्व लडाकूहरूको समुचित पुनःस्थापना, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन गर्न असफल हुनुले समग्र सुरक्षा अवस्थालाई थप कमजोर बनाएको छ। द्वन्द्व पीडित र सर्वसाधारण जनताले न्याय पाउन सकेका छैनन् भने द्वन्द्वकालका पीडकहरुले उन्मुक्ति पाइरहेका छन् । एनेकपा (माओवादी) का पूर्व सभासद् बालकृष्ण ढुंगेल र एनेकपा (माओवादी) का प्रवक्ता अग्नि सापकोटा दण्डहीनता प्रकरणका प्रमुख उदाहरण हुन् । सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको सजाय सुनाए पनि एनेकपा (माओवादी) भएकै कारण ढुंगेल कानुनको दायरामा आएका छैनन् । बाबुराम भट्टराईको सरकारले उनलाई आममाफी दिलाउन मन्त्रिपरिषद्बाट निर्णय गरी राष्ट्रपति रामवरण यादवलाई सिफारिस गरेको थियो । यसैगरी जिल्ला अदालत काभ्रेले कैद सजाय तोके पनि प्रवक्ता सापकोटा मन्त्री भए । यसका साथै २०६९ मङ्सिर १९ को मन्त्रिपरिषद्को बैठकले माओवादी कार्यकर्ता र नेताका हत्या, अपहरण, लुटपाट, तोडफोड आदिका मुद्दा फिर्ता लिने निर्णय गर्‍यो ।[३४] यस्ता विवादास्पद घटनाले मानवअधिकार हनन् गर्ने पीडकहरूलाई उन्मुक्ति दिएर दण्डहीनतालाई मात्रै प्रश्रय दिएको छैन, दिगो शान्ति स्थापनाका लागि समेत गम्भीर चुनौती सिर्जना गरेको छ।

द्वन्द्व पीडित महिला र बालबालिकालाई समाजमा समुचित ढङ्गले पुनःस्थापित र उनीहरुको भविष्य सुरक्षित गर्ने कार्यप्रति सरकार र राजनीतिक दलहरु संवेदनशील भएनन् । महिला र बालबालिकाले द्वन्द्वका सामाजिक, मनोवैज्ञानिक र आर्थिक दुष्प्रभाव बढी बेहोर्नुपर्‍यो । सशस्त्र द्वन्द्वकालमा नेकपा (माओवादी) ले आफ्नो सेनामा आधा महिला रहेको दाबी गरेको थियो । तर अनमिनको प्रमाणीकरण प्रक्रियापछि ३,८४६ जना महिला (जम्मा लडाकूको १९.६ प्रतिशत) पूर्व लडाकू भएको खुलेको थियो । अहिले महिला पूर्व लडाकूमध्ये धेरै विवाहित छन् र आधाभन्दा बढीका सन्तान छन् । सोही कारणले उनीहरू नेपाली सेनामा समायोजनका लागि अयोग्य घोषित भए । त्यसैले यी महिलाका लागि भविष्यको सही बाटो निर्धारण गर्नु मुख्य चुनौती हुनेछ। समायोजन प्रक्रियामा मात्र होइन, शान्ति प्रक्रियाका अन्य संयन्त्रहरुमा महिलाहरुको सहभागिता थिएन । त्यसैले पनि महिला र बालबालिकाका मुद्दाले शान्ति प्रक्रियामा उपयुक्त स्थान पाएनन् । युद्ध अवधिमा बालबालिकाले पनि ठूलो पीडा भोगेका छन् । युद्धको त्राशमा बाँच्नुका साथै हजारौँ बालबालिकाले द्वन्द्वमा आफ्ना बाबुआमा र अभिभावक गुमाए । परम्परागत सामाजिक भरणपोषणका अभावमा उनीहरू मनोवैज्ञानिक र सामाजिक जोखिममा परे । द्वन्द्वकालमा माओवादीले सयौँ बालबालिकालाई आफ्नो सेनामा भर्ना गरेको थियो । तर शान्ति प्रक्रिया प्रारम्भ भएपछि उनीहरूको भविष्य सुनिश्चित गर्ने उद्देश्यले शिक्षा र सीप प्रदान गर्न उचित नीति र कार्यक्रम बनाउन पहल गरेन। द्वन्द्व प्रभावित महिला र बालबालिकाका लागि उचित योजना र परियोजनाको खाँचो छ, जसले उनीहरूको भविष्य सुनिश्चित गरोस् । यस अतिरिक्त विशेष आवश्यकता भएका (घाइते तथा अपाङ्ग) महिला र बालबालिकाका समस्या सम्बोधन गर्न विशेष नीति र कार्यक्रम जरुरी छ । दिगो शान्ति र समृद्धिको आधार तयार गर्न द्वन्द्वोत्तर सरकारले यो जटिल मुद्दालाई अविलम्ब सम्बोधन गर्नु आवश्यक छ।

द्वन्द्वकालमा सयौँ नागरिकहरु र १० देखि १५ प्रतिशतसम्म पूर्व लडाकू कुनै न कुनै प्रकारले अपाङ्ग भएका छन् । तर उनीहरुको पुनःस्थापना र उपचार कुनै पनि सरकार र दलको प्राथमिकताको सूचीमा परेन ।

द्वन्द्वकालमा नेकपा (माओवादी) का कार्यकर्ताले जमिन कब्जा गरे । बाह्र बुँदे सहमतिदेखि विस्तृत शान्ति सम्झौतालगायत दलहरु बीचमा भएका सबै सहमतिहरुमा विस्थापितहरूलाई आफ्नो पूर्वस्थानमा फर्कन अनुकूल वातावरण बनाउने र कब्जा गरिएका घर-जग्गा तथा

३४ '२०० माओवादी कार्यकर्ता र नेताविरुद्ध आरोप फिर्ता,' http://www.inseconline.org/index.php?type=news&lang=en&id=10971

सम्पत्ति फिर्ता गर्ने प्रतिज्ञा गरेका छन् । तर उक्त प्रतिबद्धता अझै पुरा भएको छैन । यसका साथै मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी, मातृका यादव नेतृत्वको नेकपा (माओवादी) जस्ता पार्टी र लिम्बूवान् जस्ता जातीय समूहले सार्वजनिक तथा निजी जग्गा गैरकानुनी ढङ्गले अहिले पनि कब्जा गर्ने गैरकानूनी प्रवृत्ति जारी राखेका छन् ।[३५] यस्तो अराजक प्रवृत्ति शान्ति स्थापनार्थ प्रमुख अवरोध भएको छ किनभने यस्तो प्रवृत्तिले विस्थापितको सङ्ख्या, दण्डहीनता र अराजकता बढाइरहेको छ ।

पुनर्निर्माण र राहत वितरणको कार्य ३ वर्षमा सम्पन्न गर्न नेपाल सरकारले २०६४ मा द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना र राहत तथा पुनःस्थापना इकाई स्थापना गरेको थियो । तर पर्याप्त बजेट अभावमा आजसम्म आधा उद्देश्य पनि पूरा गर्न सके को छैन । शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको तथ्याङ्कमा द्वन्द्वकालमा ८,९१६ वटा सार्वजनिक संरचना ध्वस्त भएको देखाइएको छ । आर्थिक वर्ष २०६८/२०६९ को अन्त्यसम्म २,७८९ वटा संरचना (ध्वस्त भएका मध्ये ३१ प्रतिशत) को मात्र पुनर्निर्माण भएको छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले सम्पूर्ण पुनर्निर्माण कार्य सम्पन्न गर्न ३७ अर्ब बजेट आवश्यक भएको आँकलन गरेको थियो । तर पाँच वर्षमा केवल ६ अर्ब खर्च गरियो । करिब २९ अर्ब अपुग छ । निर्धारित समयमा करिब ३,००० इकाई पुनर्संरचनाको वार्षिक लक्ष्य लिइएको भए पनि आर्थिक वर्ष २०६८/०६९ मा मुश्किलले ३०० परियोजना मात्र पूरा भएका थिए ।[३६]

तालिका ११: द्वन्द्वकालमा विनास भएका संरचनाहरुको पुनर्निर्माण खर्च

| क्र.सं. | श्रेणी | पुनर्निर्मित | खर्च (हजारमा) |
|---|---|---|---|
| १. | विद्यालय | ४९५ | रु. ६,८५,९५१ |
| २. | गाविस कार्यालय | ७३६ | रु. १५,४५,२६७ |
| ३. | जिल्ला सदरमुकामस्थित सरकारी कार्यालय | ३९५ | रु. २०,२४,३०१ |
| ४. | स्थानीय स्तरका सरकारी कार्यालय | ३२५ | रु. ४,०६,७७९ |
| ५. | जिविस, नगरपालिका | ३८ | रु. २,८५,९१७ |
| ६. | झोलुङ्गे पुल | १६ | रु. १४,५५० |
| ७. | अन्य | ४८७ | रु. १५,८६,२१३ |

स्रोत: दी काठमाडौं पोष्ट[३७]

यस प्रसङ्गमा सबैभन्दा प्रमुख समस्या सरकार वा दातृ निकायबाट द्वन्द्व पीडितहरूका लागि उपयुक्त नीति र यथेष्ट बजेट बिनियोजन नहुनु हो । द्वन्द्व पीडितका नाममा माओवादी कार्यकर्ता लक्षित नीति र यथेष्ट बजेट परिचालन गरियो । तर वास्तविक द्वन्द्व पीडितलाई उपेक्षा गरियो । प्रमुख राजनीतिक दलको सिफारिसमा मात्रै आधारित भएर राहत वितरण गरिएकाले पार्टी कार्यकर्ताले राहत पाए । तर वास्तविक द्वन्द्व पीडितले पाएनन् । लम्बिँदो सङ्क्रमणकाल, सामाजिक-आर्थिक समस्या, राजनीतिक अस्थिरता र द्वन्द्वका कारणहरूलाई सम्बोधन गर्न असफल भए अर्को द्वन्द्वको सम्भावना बढ्न सक्नेछ ।

३५ http://www.cartercenter.org/resources/pdfs/peace/democracy/nepal-land-062012-eng.pdf
३६ घिमिरे, विनोद, 'ओन्ली हाफ वे टु रिकन्स्ट्रक्सन टार्गेट', *दी काठमाडौं पोष्ट*, १७ वैशाख, २०७० ।
३७ पूर्व उल्लेखित

## १०. निष्कर्ष

दश वर्षको सशस्त्र द्वन्द्वकालमा नेपालले अति उच्च मानवीय तथा आर्थिक क्षति व्यहोर्नु पर्‍यो । उक्त अवधिमा देशको सुरक्षा व्यवस्था इतिहासमै सबैभन्दा कमजोर बन्यो, जसको प्रभाव सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक र विकासका आयाममा देख्न सकिन्छ । विस्तृत शान्ति सम्झौता तथा सरकार र राजनीतिक दल बीचमा भएका विभिन्न सहमति र वार्ताहरुमार्फत् सशस्त्र द्वन्द्वका कारण सिर्जना भएको हिंसा तथा असुरक्षाको अवस्था अन्त्य भयो । नेपाल सरकार, राजनीतिक दल, सुरक्षा निकाय, अन्तर्राष्ट्रिय समुदाय, नागरिक समाज र सञ्चार माध्यमले नेपालको शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरे । यही संयुक्त प्रयासको प्रतिफलस्वरुप पूर्व लडाकूको समायोजन, पुनःस्थापना र स्वेच्छिक अवकासको प्रक्रिया सफलतापूर्वक सम्पन्न भयो र द्वन्द्व पीडितहरुका लागि आर्थिक सहायता प्रदान गर्ने उद्देश्यले नेपाल शान्ति कोषको स्थापना भयो ।

पूर्व लडाकूको व्यवस्थापन र राज्यलाई हतियार हस्तान्तरण नेपालको शान्ति प्रक्रियाको महत्वपूर्ण उपलब्धि हो । यसले दशक लामो हिंसात्मक द्वन्द्वको अन्त्य गर्दै नेकपा (माओवादी) लाई निःशस्त्र गरेर देशमा शान्ति पुनर्बहाली मात्रै गरेन, पूर्व लडाकूको ठूलो सङ्ख्यालाई समाजमा सफलतापूर्वक पुनःस्थापित गर्न पनि सफल भयो । यद्यपि शान्ति प्रक्रिया लामो भएपनि हिंसाको अन्त्य तथा सेना र हतियार व्यवस्थापन गरी प्रमुख राजनीतिक दल र एनेकपा (माओवादी) नेतृत्वले शान्ति प्रक्रियामा सकारात्मक योगदान गरेका छन् ।

केही नकारात्मक पक्षका बाबजुद नेपालको शान्ति प्रक्रिया वास्तवमै विशिष्ट र मौलिक छ । नेपालको शान्ति प्रक्रिया नेपालका राजनीतिक दलहरूको नेतृत्वमा सम्पन्न भएको प्रक्रिया हो । शान्ति प्रक्रियाको बारेमा उनीहरु बीच गम्भीर मतभेद भएपनि वार्ता र संवादको प्रक्रियालाई निरन्तरता दिए । त्यसैले उनीहरूले वार्ता र संवादको प्रक्रियाद्वारा सहमतिको विन्दुमा पुग्ने संवादको संस्कृति विकसित गरे । द्वन्द्वोत्तर देशका अन्तर्राष्ट्रिय अभ्यासहरूबाट नेपालले महत्वपूर्ण पाठ सिके पनि समग्र शान्ति प्रक्रिया नेपालको विशिष्ट राजनीतिक, सामाजिक, आर्थिक तथा सैन्य परिवेशमा सापेक्षिक हुनेगरी सम्पन्न गरेको छ । शान्ति प्रक्रियाका क्रममा नेपालले समायोजन र पुनःस्थापनाका अतिरिक्त स्वेच्छिक अवकाशको नयाँ अवधारणा पनि विकसित गर्‍यो । त्यसैले नेपालको शान्ति प्रक्रियाले दिगो शान्ति र समृद्धिको नयाँ अध्याय सुरु गरेको छ ।

नेपालले वास्तवमै शान्ति प्रक्रियाको विशिष्ट र मौलिक मोडेल विकास गर्‍यो । अन्य द्वन्द्वोत्तर देशहरुले नेपालबाट शिक्षा लिन सक्छन् । तर आर्थिक अनियमितता शान्ति प्रक्रियाको प्रमुख विवाद र कमजोरी हो । वास्तवमा शान्ति प्रक्रियाको खर्च अत्यन्त उच्च देखिन्छ । नेपाल नीति अध्ययन प्रतिष्ठानले शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट प्राप्त गरेको वित्तीय विवरणअनुसार द्वन्द्व पीडितलाई हालसम्म प्रदान गरिएको राहत रकमबाहेक सम्पूर्ण प्रक्रियामा करिब १९ अर्ब खर्च भएको छ । यो अत्यन्त उच्च राशी हो । यसमा जर्मन सहयोग नियोग, नर्वे जस्ता थुप्रै दातृ निकाय तथा देशले गरेका खर्च समावेश गरिएको छैन । द्वन्द्व पीडितलाई हालसम्म प्रदान गरिएको राहत रकमसमेत जोड्दा २३ अर्ब भन्दा बढी खर्च भइसकेको छ जुन रकम सम्पूर्ण राहत वितरण गरिसक्दा झन् बढ्नेछ । त्यसैगरी विभिन्न शीर्षकमा पारदर्शिताको अभाव र आर्थिक कोषको दुरुपयोग भेटिएको थियो । जस्तोः पूर्वाधार निर्माण र व्यवस्थापनमा भएको खर्च संरचनाको सङ्ख्या र गुणस्तरसँग मेल खाँदैन । पूर्वाधार निर्माण खर्च पनि विभिन्न उपशीर्षकमा दोहोरिएका छन् । शिविर व्यवस्थापन कार्यालयका साथै नेपाल शान्ति कोषमार्फत् विद्युत महसुल तिरिएको छ । यो नेपाली मापदण्डका हिसाबले अत्यन्त उच्च देखिन्छ । यी केही उदाहरण मात्र हुन् । यस विषयलाई पूर्व लडाकूहरु आफैँले समेत पार्टीभित्र पटक-पटक उठाएका थिए । यस बारेमा विशेष समितिमा छानबिन गर्न माग

गरिएको थियो । तर कुनै पनि राज्य संयन्त्रले राज्य कोषको यति ठूलो दुरुपयोगलाई नियन्त्रण गर्न ठोस कदम चालेका छैनन् ।

समायोजन र पुनःस्थापना प्रक्रिया सम्पन्न भए पनि दिगो शान्ति र आर्थिक विकासलाई जोखिममा पार्ने थुप्रै चुनौती विद्यमान छन् । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता नागरिक छानबिन आयोग गठन नहुनु; शान्ति प्रक्रियामा आर्थिक पारदर्शिता र जवाफदेहिताको अभाव हुनु; महिला, बालबालिका, अपाङ्ग र पूर्व लडाकूका मुद्दामा संवेदनशील नहुनु तथा कब्जा गरिएका जमिन फिर्ता नगर्नु शान्ति प्रक्रियाका प्रमुख कमजोरी हुन् । यस्ता कमजोरी दिगो शान्ति स्थापना गर्ने दृष्टिले गम्भीर चुनौती हुनसक्छन् । दण्डहीनता, अपराधको राजनीतिकरण र देशैभरि सशस्त्र समूहहरूको गतिविधिले शान्ति र सुरक्षाको दृष्टिले थप चुनौती थपिएको छ । यसैगरी लम्बिँदो सङ्क्रमण, राजनीतिक अस्थिरता र संविधानको अनिश्चितताले नेपालको समग्र आर्थिक विकास र प्रगतिको मार्ग अवरुद्ध गरेको छ । त्यसैले नेपालको राष्ट्रिय स्वार्थको संरक्षण, राज्यको पुनर्संरचना र नयाँ संविधान जारी गरी २०६२/०६३ को जनआन्दोलनका राजनीतिक उपलब्धिहरुलाई संस्थागत गर्नु दिगो शान्ति स्थापनाका दृष्टिले पनि अपरिहार्य छ ।

नेपाल नीति अध्ययन प्रतिष्ठान (NIPS) २०६५ मा स्थापित एक अनुसन्धानमूलक प्राज्ञिक संस्था हो । यस संस्थाले - सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतन्त्र गरी तीन क्षेत्रहरुमा आफ्नो अध्ययन केन्द्रित गर्दछ । र, अनुसन्धान, अनुसन्धानमूलक अन्तरक्रिया कार्यक्रम र अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरु सन्दर्भ सामग्रीका रुपमा प्रकाशन गर्दछ । यस संस्थाले अनुसन्धानका विषयहरुमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मुद्दाहरुलाई सार्वजनिक नीतिसँग जोडेर तुलनात्मक अध्ययन गर्दछ । साथै, आफ्ना अध्ययन र अनुसन्धानबाट हाँसिल गरेका उपलब्धिहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम, सेमिनार र कार्यशाला गोष्ठी; पुस्तक तथा नीति पत्र प्रकाशन जस्ता विभिन्न माध्यमहरुमार्फत प्रवाह गर्दछ । NIPS ले २०६६ मा *बदलिंदो परिवेशमा नेपालका सुरक्षा अवधारणाहरु,* २०६८ मा *नेपालको सुरक्षामा नयाँ चुनौती* र २०७० मा *नेपालमा मानव सुरक्षा : अवधारणा, बहस र चुनौतीहरु* नामक तीन पुस्तक र हालसम्म सात वटा नीति पत्र प्रकाशन गरिसकेको छ ।

**नेपाल नीति अध्ययन प्रतिष्ठान**
**(Nepal Institute for Policy Studies-NIPS)**
९० महादेवस्थान मार्ग, बानेश्वर, का.म.न.पा.-१०
पो.ब.नं.-१४३५२, काठमाडौं, नेपाल
टेलिफोन: ०९७७-१-४४८२५३०
फ्याक्स: ०९७७-१-४४६२८११
इमेल: **nips@nipsnepal.org**
**www.nipsnepal.org**

यस नीति पत्रमा प्रकाशित सामग्री जर्नल, समाचार पत्र, म्यागेजिनमा पुनर्मुद्रण गर्न सकिनेछ । तर यसरी प्रकाशित भएका सामग्रीहरुको एक प्रति निप्स कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ । यसैगरी आदरणीय पाठक तथा विद्वतवर्गहरुलाई निप्सद्वारा प्रकाशित यस नीति पत्रका बारेमा यहाँहरुको टिप्पणी एवम् अमूल्य सुझावकालागि अनुरोध गरिन्छ ।